# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

माघ पूर्णिमा



"डच मदत नेपाल र धर्मकीर्ति अध्ययन गोष्ठीका कार्यकर्ताहरूका साथ धम्मवती गुरुमाँ"



"डच मदत नेपाल र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको संयुक्त आयोजनामा संचालित एकदिने आँखा तथा दाँत सेवा शिविरमा धम्मवती गुरुमाँको आँखा परिक्षण गरिदै ।"

वर्ष- १७ अङ्क- ११ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस्। लेख लेख्दा कागजको एकतर्फी मात्र लेखी अक्षर स्पष्ट हुन आवश्यक छ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै हामीलाई लेखी पठाउनु होस्।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ-सम्पादक मण्डल हुने छैन।

---

★ धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु। छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागि तःधंगु तिबः ज्वीफु।

★ छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ।

★ छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया ह्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी।

★ धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय यायगुली नं ग्वाहाली बीफु।

★ आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बाँलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु।

## विषय-सूचि


१. बुद्ध वचन ---------- १
२. लक्षण जातक ---------- प्रकाश बज्राचार्य ---------- २
३. धम्मपद-१२६ ---------- रीना तुलाधर ---------- ३
४. बुद्ध धर्म सम्बन्धी सामान्य ज्ञान ---------- बि.एम. श्रेष्ठ ---------- ४
५. (कविता) घमण्डी ज्वीगु ---------- रामभक्त प्रधान ---------- ४
६. त्रिपिटक-एक परिचय-२ ---------- अमिता धाख्वा ---------- ५
७. (कविता) क्रोध ---------- सुश्री सुमना देवी शाक्य ---------- ७
८. शाक्यधीता (बुद्ध अनुयायी महिलाहरू)को ... ---------- नवराज रिजाल ---------- ८
९. (कविता) आत्मग्लानी ---------- पूर्णप्रसाद ब्राह्मण ---------- ९
१०. (कविता) हाकुगु नुगः यचुकेगु उपाय ---------- पूर्णप्रसाद प्रजापति ---------- ९
११. बुद्ध धर्ममा श्रद्धाको स्थान ---------- चन्द्रकाजी शाक्य ---------- १०
१२. (कविता) विश्वे शान्ति खय्‌मा ---------- अमृतमान शाक्य ---------- १२
१३. (कविता) "दुःख" ---------- अजय राज शाक्य ---------- १२
१४. तानसेनमा बौद्ध पर्यटन विकासको संभावना ---------- सह प्रा. छत्रराज शाक्य ---------- १३
१५. (कविता) अष्टकलाप ---------- दोलेन्द्ररत्न शाक्य ---------- १५
१६. संयुक्त निकाय-१५ ---------- भिक्षु ज. काश्यप, भिक्षु धर्मरक्षित, अनु. वीर्यवती ---------- १६
१७. (कविता) आर्य सत्य ---------- अजय राज शाक्य ---------- १७
१८. मानव जीवनया महत्व ---------- विश्वन्तर शाक्य ---------- १८
१९. धर्मकीर्ति विहार-गतिविध ---------- १९
२०. धर्म प्रचार-समाचार ---------- २१
२१. (कविता) चेतना ---------- सरोजमान उदास ---------- २२
२२. (कविता) दश अकुशल कर्म / धर्म व संस्कृतिया भेद ---------- दोलेन्द्ररत्न शाक्य ---------- २३


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२

**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४३
नेपालसम्वत् ११२०
इस्वीसम्वत् २०००
बिक्रमसम्वत् २०५६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

**FEBRUARY, 2000**

| वर्ष- १७ | अङ्क- ११ | माघपुन्ही | पूर्णिमा २०५६ |
|---|---|---|---|





★ डर र भयको कारणले मानिसहरू पर्वत, वन, उद्यान, वृक्ष र तीर्थस्थानको शरण लिन जान्छन् । किन्तु यो शरण मंगल दायक होइन, यो उत्तम शरण पनि होइन, कारण, यस्तो शरणले सबै प्रकारको दुःखबाट छुटकारा पाइँदैन ।

★★★

★ उत्तम पुरुष दुर्लभ छ, त्यसको सबै ठाउँमा जन्म हुँदैन । जुन कुलमा यस्ता महापुरुषको जन्म हुन्छ, त्यस कुलमा सुख वृद्धि हुन्छ ।

★★★

★ बुद्धहरूको जन्म हुनु सुख दायक हो, सद्धर्मको उपदेश सुखदायक हो र एकतायुक्तहरूको तपस्या पनि सुख दायक हो ।

★★★

Downloaded from http://www.dhamma.digital

# लक्षण जातक

✍ प्रकाश बज्राचार्य

बाली पाक्ने मौसम आइसकेको हुनाले खेत वरिपरि रहेका वनहरूमा बस्ने जन्तुहरू असुरक्षित भइसकेका थिए । खेत चोर्न आउने चोरहरू, गाउँका ठिटाहरू, शिकारीहरू वनमा पसेर शान्तिप्रिय जंगली जन्तुहरूलाई मार्ने समय त्यही थियो । हातमा भाला, धनुष, वर्छा, गुलेली, पासो लिएर जंगलभित्र चहार्ने मौसम त्यही थियो । ठाउँ ठाउँमा जनावरहरूलाई फँसाउन खाल्डो खनिएका थिए, पासो राखिएका थिए, जाल बिछ्याइएका थिए, काँढाको बार बनाएका थिए । शिकारको मौसम आइसकेको थियो ।

सिधासिधा र राम्रो देखिने मृगहरू नै प्रायः गरी शिकार हुन्थे । मृगहरूको लागि त्यो मौसम काट्न धेरै गाह्रो हुन्थ्यो । ज्यान जोगाउन धेरै मुश्किल हुन्थ्यो । खोजी खोजी, लखेटी लखेटी मृगहरू मारिन्थे ।

मृगहरूको राजालाई यी सबै कुरा राम्रैसंग थाहा थियो । एक हजार मृगहरूको नेता भएकोले ती मृग-हरूलाई पनि शिकारी मौसमको शुरुवात हुन लागेको जानकारी दिनु राजा मृगको कर्त्तव्य थियो । तीमध्ये ५०० मृग जेठो छोरो लक्षणले हेर्थ्यो र अरू ५०० हेर्ने गर्थ्यो कान्छो छोरो काल नाउँको मृगले । दुबै छोराहरूलाई बोलाए उसले, र भने, छोराहरू ! शिकारी मौसम शुरू भइसक्यो । खेतमा बाली पाकिसक्यो । यो जंगलमा बसेर अब मृगहरूको ज्यान सुरक्षित रहने छैन । पल्लो डाँडामाथि लुक्न जानु जाति होला । म त बुढो भइसकें, डाँडा चढ्न सक्दिन । तिमीहरू आ-आफ्ना अधीनमा रहेका पाँच पाँच शय मृगहरू साथ लिई पल्लो डाँडामा जाऊ । केही दिन त्यहीं बस । खेतमा बाली काटिसकेपछि शिकारी मौसम पनि सकिसक्ने छ । त्यतिबेला मात्रै फर्केर आऊ । यसो गरेमा मात्रै मृगहरू शिकारीको शिकार हुनबाट बच्न सकिन्छ ।"

जाति कुरो गऱ्यो बूढोले भन्ने मनमा लाग्यो दुबै छोराहरूलाई । दुबै मृगहरू आफ्ना आफ्ना गण लिएर डाँडामा जान तैयार भए । कान्छो कालमृग चतुर थिएन, दूरदर्शी थिएन । डाँडामा जानलाई जुनपायो उही समयमा जाने गरे । बिहान पनि, दिउँसो पनि, साँझ पनि, बेलुका पनि गाउँकै छेउछेउबाट डाडाँतिर लाग्न थाले । त्यो मौसममा मृगहरू जंगल छाडी अन्तै लाग्छन् भन्ने कुरो गाउँलेहरूलाई पनि थाहा थियो । र त्यसैले मृगहरू आउला र मारुँला भनी ढुकी बस्ने शिकारीहरू थुप्रै थिए । कालमृगका अनुयायीहरू मनपरेकोबेला मन-परेको बाटोबाट जंगल छाड्न थालेपछि धमाधम शिकारीको शिकार हुन पुगे ।

जेठो लक्षण मृग बुद्धिमान थियो, दूरदर्शी थियो । आफ्ना अनुयायीहरू लिएर मध्य रातमा जंगल छाड्ने भए । शिकारीहरू हुन्दैनथे, भए पनि अंध्यारोमा शिकार गर्न सकिंदैनथ्यो ।

केही महिना बितिसकेपछि बाली काटीसकेपछि शिकारी मौसमको अन्त भयो । डाँडातिर लागेका मृगहरू पुनः जंगलमा फर्कन थाले । यसपाली पनि मूर्ख कालमृगले आफ्ना पिछलग्गुहरूलाई मनपरे बेला मनपरे ठाउँबाट ल्याए र शिकारीहरूको जालमा फसे । लक्षण मृग आफ्नो गण संगै राती सबै सुतिरहेको बेलामा फर्के ।

बूढो मृगले दुबै छोराहरूलाई देखे । एकजना आफ्नो ५०० मृगहरूको बथान लिई सकुशल फर्केको थियो, अर्को कान्छो मृग आफ्ना ५०० मृगहरू गुमाएर एक्लै फर्केको थियो । मूर्ख भएकोले कालमृगले आफ्नो मृगगण गुमाईसकेको थियो । अब ऊ एक्लो थियो ।

× × ×

**यो जातक कथा भगवान्ले देवदत्तको कारणले भन्नुभएको थियो । यसमा बूढो मृग हुने स्वयं बोधिसत्व हुनुहुन्थ्यो ।**

■



Downloaded from http://www.dhamma.digital

# धम्मपद - १२६

✍ रीना तुलाधर

"अचरित्वा ब्रह्मचरियं
अलद्धा योब्बने धनं
जिण्णकोञ्चा व झायन्ति
खीणमच्छेव पल्लले"

**अर्थ** - जसले ब्रह्मचर्य पालन गर्दैन, जसले यौवन अवस्थामा धन जम्मा गर्दैन, त्यस व्यक्तिले माछा नभएको पोखरीमा वृद्ध क्रौंच भन्ने पंक्षी झुक्रेर बसे झैं बस्नु पर्छ ।

"अचरित्वा ब्रह्मचरियं
अलद्धा योब्बने धनं
सेन्ति चापातिखीणाव
पुराणानी अनुत्थुनं"

**अर्थ** - जसले ब्रह्मचर्य पालन गर्दैन, जसले यौवन अवस्थामा धन जम्मा गर्दैन, त्यस व्यक्तिले फ्याँकिएको वाण जस्तै पुरानो कुराहरू सम्झी सम्झी पश्चाताप गर्नु पर्ने छ ।

**घटना** - भगवान बुद्ध ऋषिपतनमा बास गरिरहनु भएको बेला उपरोक्त गाथाहरू महाधनी महाजन पुत्रको कारणमा भन्नु भएको थियो ।

वाराणसी नगरमा ८० करोड धन सम्पत्ति भएको महाजनको कुलमा एक पुत्रको जन्म भयो । आफ्ना पुत्रको बारेमा ती आमा बाबुले सोचे "हामीसँग यतिका धन सम्पत्ति छ । हाम्रा छोरालाई सुख भोग गराउने बाहेक अरू केही गराउने छैन ।" यस्तो सोची आफ्ना छोरालाई मोज मज्जा गराउने मात्र सिकायो, गीत गाउने, नाच्ने, राम्रो खाने इत्यादि भोग विलास गर्ने कुराहरू मात्र सिकायो  काम भने केही सिकाएन । त्यही नगरमा अर्को एउटा महाजन थियो जसको पनि ८० करोड धन सम्पत्ति थियो । तिनीहरूले पनि एउटी छोरी पाएको थियो । ती महाजनले आफ्नी छोरीलाई उस्तै गरी भोग विलास गराउन मात्र सिकाएर काम केही सिकाएन । ठूलो भएपछि ती दुइजनाको विवाह गराइदियो । अब दुइवटा घरको ८०/८० करोड मिलाएपछि ती दुइजना कुलपुत्र र कुलपुत्रीहरू १६० करोड धन सम्पत्तिको मालिक भए । समय बितेपछि ती दुबैका आमा बाबुको देहान्त भयो ।

त्यो समयमा महाजन पुत्रहरू दिनको तीनचोटी देशको महाराजाकाँहा सेवाको लागि जानुपर्ने चलन थियो । दिनदिनै त्यो महाजनपुत्र महाराजाकाहाँ जाने देखेर जँड्याहाहरूको एक समूहले उनीमाथि आँखा गाडे । त्यत्रो धन भएको महाजनलाई जँड्याहा बनाएर आफ्नो समूहमा गाभ्न पाए आफूहरूले धेरै फाइदा उठाउन सक्ने देखेर ती जँड्याहाहरूले एउटा योजना बनाए । एकदिन तिनीहरूले रक्सीको बोटल, भुटन मासु, नून, चिनी इत्यादि बोकेर महाजनपुत्र आउने बाटोमा देखिने गरी सजिलोसँग बसीरहे । महाजनपुत्र बाटोमा आएको देखापरेपछि तिनीहरूले रक्सि पिउन थाले नून, चिनी मुखमा हाले । अनि भन्न थाले- "हाम्रा मालिक एक सय वर्षसम्म बाँचोस् । हजूर जस्ता महाजनपुत्रको कृपाले हामीले सदा राम्रो खान पाउँ ।" कुनै पेय पदार्थ पिएर आफ्नो बारेमा यसरी भनीरहेको सुनेर ती महाजन पुत्रले आफूसंगै पछि पछि हिँडेर आईरहेका आफ्ना सेवकसँग सोधे - "तिनीहरूले के पिइरहेको हो ?" "मालिक ! तिनीहरूले एक प्रकारको पेय रस पिइरहेको हो ।" "त्यो असल रस हो ।" "मालिक यो संसारमा त्यो जस्तो असल स्वादिलो रस अरू कुनै छैन ।" "उसो भए मैले पनि पिएर हेर्छु अलिकति लिएर आउनु" भनेर सेवकलाई काम अराए । उसले पहिले थोरै खाएर हेरे । पछि फेरि मिठो लागेर अलि धेरै खाए । त्यहाँ बसेका जँड्याहाहरूले महाजनपुत्रले रक्सीको स्वाद पाएको चाल पाएर उसलाई घेर्न आयो ।

समय बित्दै गएपछि उनी एक नम्बरको जँड्याहा भएर निस्क्यो । दिनहुँ सयौं रुपियाँ खर्च गरेर रक्सी खाने, ऐय्यास गर्दा गर्दै उसको आफ्नो ८० करोड सम्पत्ति सिद्धियो । आफ्नो सम्पत्ति उदाएपछि उसले आफ्नी स्वास्नीको सम्पत्ति खर्च गर्न थाल्यो । ऐय्यासी



Downloaded from http://www.dhamma.digital

गर्दागर्दै स्वास्नीको माइतीको ८० करोड सम्पत्ति पनि सिद्धियो । नगदी धन सिद्धिएपछि घर जग्गा, बगैंचा बेचेर खान थाल्यो त्यसपछि सुन, चाँदी, त्यतीले नपुगेर पशु धन सिध्यायो । आफ्नो ऐय्यासी बानी छोड्न नसकेकोले घरमा भएको भाँडाकुँडा, ओढ्ने ओछ्याउने, कपडा आदि समेत बेच्दै खान थाल्यो । बूढो भएपछि दरिद्र भएर लोग्ने स्वास्नी दुबैजनाले मागेर खान थाल्यो । अरूले फ्याँकेको जुठो खाएर पेट भर्नु पर्ने अवस्था आयो ।

एकदिन आशन-शालाको ढोकामा श्रामणेर-हरूले जुठो बाँकी भएको खानेकुरा उनीहरूलाई दिइरहेको भगवान बुद्धले देख्नुभयो । यो देखेर भगवान बुद्धले जिउ जिरिङ्ग पार्नुभयो । सँगै रहेका आनन्द स्थविरले भगवान बुद्धले जिउ जिरिङ्ग पार्नु भएको देखेर सोध्नुभयो - शास्ता के भयो ?" भगवान बुद्धले भन्नुभयो - "हे आनन्द यी महाजन पुत्रलाई हेर । एक समयमा १६० करोड धन सम्पत्तिका मालिक थिए । अहिले आफ्नी स्वास्नीसँग मागेर खाइरहेको छ । यो व्यक्तिले जीवनको प्रथम वैसमा आफ्नो धन सम्पत्ति व्यर्थमा खर्च नगरीकन व्यापारमा लगाएको भए उ यस देशको अग्र महाजन हुन्थ्यो, यदि घर त्यागेर प्रव्रजित भएको भए अरहन्त हुने थियो, उनकी पत्नी अनागामी हुन्थ्यो । यदि जीवनको मध्यम वैशमा धन सम्पत्ति उडाउन छोडेर व्यापार गरेको भए देशको द्वितिय महाजन हुने थियो, घर त्यागेर प्रव्रजित भएको भए अनागामी हुने थियो र उसकी पत्नी सकृदागामी हुने थियो । त्यस्तै जीवनको अन्तिम वैशसम्म पनि ऐय्यासी छोडेर व्यापार गरेको भए तृतीय महाजन हुने थियो, घर त्यागरे प्रव्रजित भएको भए सकृदागामी हुन्थ्यो र उसकी पत्नी श्रोतापन्न हुन्थ्यो । आज उनी गृहस्थको रूपमा धन सम्पत्ति पनि विनाश भयो, श्रमणभाव पनि प्राप्त गर्न सकेन । आज त यी महाजन पानी नभएर सुकेको पोखरीमा सारस जस्तै भएर बसेका छन् ।" यस्तो भन्नुहुँदै भगवान बुद्धले उपरोक्त गाथाहरू भन्नुभयो ।

■

## बुद्ध धर्म सम्बन्धी सामान्य ज्ञान

प्रस्तुती: बि.एम. श्रेष्ठ
पकनाजोल, नयाँबजार

(१) "The Light of Asia" (एशियाको तारा) बुद्ध सम्बन्धी पुस्तकको लेखक - "सर एड्वीन अर्नोल्ड" (इस्वी १८३२-१९४०) ।

(२) लुम्बिनी (Lumbini) पत्ता लगाउने व्यक्ति गभर्नर "खड्ग शमशेर" हो ।

(३) धेरै चैत्यहरू खुट्टाले हानेर ढाल्ने व्यक्ति "शंकराचार्य" हो ।

(४) भिक्षुहरूलाई गृहस्थी बनाउने राजा "जयस्थिति मल्ल" हो ।

(५) भगवान गौतम बुद्धलाई मार्न देबदत्तले पठाइएको हात्तीको नाम "नालागिरी" (धनपाल) हुन् ।

(६) पहिलो बुद्ध उपासकहरू "तपुस्स" र "भल्लुक" हो ।

(७) भगवान गौतम बुद्धले लगाउनु भएको लुगालाई "चीवर" भन्दछ ।

(८) नेपाली भाषाको प्रथम बौद्ध मासिक पत्रिका "हिमालय बौद्ध" हो ।

(९) भगवान गौतम बुद्धको जन्म लुम्बिनी भन्ने स्थानमा मायादेवीको कोखबाट भएको थियो ।

## घमण्डी ज्वीगु

- रामभक्त प्रधान, भोत

जिके ध्यवा यक्को दु
छिमिसं जितः छुयाय्‌फै ?
जिके बुँ यक्को दुगुलिं
बुँई वा पियाः वा लय्‌गु दु ।

वा सुयाः जाकि मिया छ्वय्
जाकीया मू यक्को काय्‌गु
छिमिसं जितः छु याय्‌फै
जिके ध्यवा यक्को दु

जिके बुद्धि यक्को दु
छिमिसं जितः छु याय्‌फै
छिमित बुद्धिं न्यानाकाय्
धर्म तोतेबले छिमिसं छुयाय् फै ?



Downloaded from http://www.dhamma.digital

# त्रिपिटक-एक परिचय -२

✍ अमिता धाख्वा

**३. संयुत्तनिकाय**

संयुत्तनिकाय त्रिपिटकको तेस्रो महत्वपूर्ण निकाय हो यसमा लामो, मध्यम र छोटो सबै प्रकारका सूत्रहरू संगृहीत भएको हुनाले यसलाई 'संयुत्तनिकाय' भनिएको हो । परम्परा अनुसार यसमा ७७६२ सूत्रहरू छन् जसलाई ५६ संयुत्तमा संगृहीत गरिएको छ। संयुत्तनिकाय पाँच भागमा वर्गीकरण गरिएअनुसार सगाथावर्ग, निदान-वर्ग, खन्ध-वर्ग, सलायतन-वर्ग र महा-वर्ग गरी पाँच खण्डमा विभाजित छन् । सगाथा-वर्गका सूत्रहरू गाथाका रूपमा छन् । निदान-वर्गमा प्रतीत्यसमुत्पादको वर्णन, खन्ध-वर्गमा पञ्चस्कन्धको व्याख्या, सलायतन-वर्गमा आयतनका विवेचना र महा-वर्गमा धर्मसम्बन्धी विभिन्न तत्व र ध्यान भावना सम्बन्धी सूत्रहरू छन् ।

संयुत्तनिकायमा बुद्धको महामानवीय विशेषता तथा तथागतको प्रज्ञा र महाकरुणाको विशिष्टता आप्लावित छन् । सारिपुत्र महास्थविरको परिनिर्वाण अवस्थामा भगवान् बुद्धको संवेजन-शब्द अनि अत्तदीप, अत्तसरण उपदेश प्रसंग उल्लेखनीय छ । बुद्धले बताउनुभएका आर्यअष्टांगिक मार्ग, प्रतीत्यसमुत्पाद र विपश्यनादि उपदेशहरू अनेक उपमा शब्द र शैलीमा व्यक्त गरिराखेका छन् । यसमा धर्मसेनापति भिक्षु सारिपुत्रको एकान्त सौमनस्य ध्यानमा इन्द्रिय संयम, भिक्षु महामौद्गल्यायनको आर्यमौन, भिक्षु महाकाश्यपको सन्तुष्टवृत्ति, भिक्षु अनुरुद्धको योग अनुभूति, भिक्षु वंगीशको कामवासनाको दुश्परिणाम पर्यवेक्षणा, अंधवनमा रूप वेदनादिका अनित्य, दुःख र अनात्मको साक्षात्कार गर्न हुने राहुलको अर्हत्वको पुण्य प्रसंग, त्यस्तै गौतमी, उत्पलवर्णा र वजिरादि श्राविकाहरूको बुद्धशासनमा प्रवेशदेखि मार-विजयका कीर्ति कथा आदि छन् ।

**४. अंगुत्तरनिकाय**

अंगुत्तरनिकाय सुत्तपिटकको चौथो महत्वपूर्ण ग्रन्थ हो । यसमा परम्परागत रूपमा ९५५७ सूत्रहरू छन् र यसलाई १६९ वर्गमा विभाजन गरिएको छ । यी सूत्रहरूमा वर्णन गरिएको विषय संख्या क्रमअनुसार एककदेखि लिएर एकादशक निपातसम्म छन् । यसरी क्रमसंख्या अङ्गणेत्तर रूपमा राखिएको हुनाले यसलाई अंगुत्तरनिकाय भनिएको हो ।

एकनिपातको एउटा सूत्रमा उदाहरणको लागि- “भिक्षु हो ! मैले त्यस्तो कुनै रूप देखेको छैन जसले पुरुषको चित्तलाई वशमा राख्दछ - त्यो हो स्त्रीको रूप । भिक्षु हो ! स्त्रीका रूपले पुरुषको चित्तलाई वशमा राख्दछ ।”.......त्यस्तै पुरुषको रूपले स्त्रीको चित्तलाई वशमा राख्दछ । त्यस्तै तिक निपातमा तीन मद - यौवन मद, आरोग्य मद, जीवन मद । चतुक निपातमा चतुआर्यसत्य, चार सामान्य फल जस्तो संख्यामा चार चार भएका उपदेश संगृहीत छन् । त्यस्तै अट्ठक निपातमा आर्यअष्टांगिक मार्ग, आठ आरण्य वस्तु, आठ अभिभू आयतन, आठ विमोक्ष जस्तो संख्यामा आठ आठ प्रकारका आठ आठ अंग भएका बुद्धका उपदेशहरू संगृहीत छन् । त्यस्तै एकादसक निपातमा निर्वाण लाभको एघार उपाय जस्ता अंग र संख्यामा एघारएघार तत्व भएका उपदेशहरू संकलित छन् ।

अंगुत्तरनिकायको तिक निपातमा आएको कालामसूत्रमा भगवान् बुद्धले दिनुभएको बौद्धिक स्वतन्त्रता उपदेशहरू छन् । जसमा स्वतन्त्र चिन्तन मानसिक पराधीनताबाट छुटकारा हुने मार्ग देखाइएको छ ।

“कालाम हो ! तिमीहरूले कुनै कुरा केवल परम्परादेखि, सुन्दै, चल्दै, पालन गर्दै आएको छ भन्दैमा त्यसलाई नमान, हाम्रो धर्मग्रन्थ अनुकूल छ भन्दैमा पनि नमान, तर्कसम्मत छ भन्दैमा पनि नमान, न्याय (शास्त्र) सित मिल्छ भन्दैमा पनि नमान, कुरो राम्रो छ भन्दैमा पनि नमान, हाम्रो मत अनुकूल छ भन्दैमा पनि नमान अथवा उपदेशक व्यक्तिका व्यक्तित्व आकर्षक छ भन्दैमा पनि नमान, न त उपदेशक व्यक्ति हाम्रा पूज्य गुरु श्रमण हुन् भन्दैमा नै मान्नु पर्छ ।.......”



Downloaded from http://www.dhamma.digital

## ५. खुद्दकनिकाय

खुद्दकनिकाय सुत्तपिटकका पाँचौं निकाय हो । यसमा पन्ध्रवटा स-साना ग्रन्थहरू छन् । ती हुन् - खुद्दकपाठ, धम्मपद, उदान इतिवुत्तक, सुत्तनिपात, विमानवत्थु पेतवत्थु, थेरगाथा थेरीगाथा, जातक, निद्देश, पटिसम्भिदामग्ग, अपदान, बुद्धवंश र चरियापिटक ।

१. **खुद्दकपाठ** - खुद्दकपाठमा तिसरण दससिक्खापद द्वतिंसाकार, कुमारपञ्ह, मंगलसुत्त, रत्नसुत्त, तिरोकुत्रट्टसुत्त, निधिकण्डसुत्त, मेत्तसुत्त गरी नौवटा सूत्रहरू छन् ।

२. **धम्मपद** - विश्वमा यो अत्यन्त लोकप्रिय एवं सर्वाधिक भाषामा अनूदित ग्रन्थ हो । धम्मपदमा २६ वर्ग र चारसय तेइसवटा गाथाहरू छन् । धम्मपद त्रिपिटकको सुत्तपिटक अन्तर्गत खुद्दक निकायमा पर्ने १५ वटा साना ग्रन्थहरूमध्ये एउटा सानो ग्रन्थ भए पनि अत्यन्त महत्वपूर्ण छ । धम्मपदको प्रत्येक गाथा सरल एवं मर्मस्पर्शी छ । यसमा भगवान् बुद्धले बुद्धत्व प्राप्तिको समयदेखि महापरिनिर्वाणपर्यन्त समय समयमा व्यक्त गर्नुभएका उपदेशहरू गाथाको रूपमा छन् ।

३. **उदान** - भगवान् बुद्धले समय समयमा व्यक्त गर्नुभएका प्रीति वाक्य, उद्‌गारसम्बन्धी उपदेशहरूको संग्रह नै उदान हो । यसमा आठ वर्ग छन् र प्रत्येक वर्गमा प्रायः दशवटा सूत्रहरू छन् ।

४. **इतिवुत्तक** - इतिवुत्तकको शाव्दिक अर्थ हो 'यसरी भन्नुभएको छ' इतिवुत्तकमा चार निपातहरू छन् जुन अंमुत्तरनिकायमा जस्तै संख्यात्मक क्रमअनुसार सूत्रहरू समावेश गरिएका छन् । उदाहरणको लागि पहिलो परिच्छेदमा छ - "एउटा धर्म (सत्यवाचा) लाई छोडेर झूटो बोल्नेले र परलोकको विश्वास नगर्नेले यो लोकमा गर्न नसक्ने कुनै पाप छैन ।"

५. **सुत्तनिपात** - सुत्तनिपात भाषा, छन्दको दृष्टिबाट सर्वाधिक प्राचीन शैलीमा बुद्धजीवनीका प्रसंगहरू पाइने ग्रन्थ हो । अशोकको अभिलेखमा भएका प्रसंगहरू यी ग्रन्थबाट उद्घृत गरेको तथ्यबाट यसको महत्व कति छ भन्ने कुरा छर्लङ्ग हुन्छ । सुत्तनिपातमा पाँच वर्ग र ७२ वटा सूत्रहरू छन् ।

६. **विमानवत्थु** - विमानवत्थु सात वर्ग र पचपन्नवटा विमानकथा छन् । विशेषतः यसमा दान, शील आदि पालन गरी मृत्यु पश्चात् स्वर्गगति प्राप्त गर्ने व्यक्तिहरूको उल्लेख छ ।

७. **पेतवत्थु** - पेतवत्थु चार वर्गमा ५० वटा प्रेतहरूको कथा छन् । जसमा दुष्कृत्यको फलले प्रेत भएका र त्यसबाट मुक्त हुने उपायहरू समेत देखाइएका छन् ।

८. **थेरगाथा** - यसमा अर्हत् भिक्षुहरूद्वारा स्वस्फूर्तित अनुभवहरू व्यक्त गरिएका गाथाहरूको संग्रह छ । यसमा २१ निपातमा विभक्त २४६ जना थेरहरूको १२८३ गाथाहरू संगृहित छन् ।

९. **थेरीगाथा** - यसमा अर्हत् थेरीहरूद्वारा आ-आफूद्वारा अर्हत्वको प्राप्तिपश्चात् आ-आफ्ना कुरा अनुभव आदि व्यक्त गरेका गाथाहरूको संकलन पाइन्छ । यसमा १६ निपातमा विभाजित ७३ जना थेरीहरूको ५२७ वटा गाथाहरू छन् ।

१०. **जातक** - जातकमा भगवान् बुद्धको पूर्वजन्म सम्बन्धी ५४७ कथाहरू उपलव्ध भएपनि त्रिपिटकमा केवल गाथाहरू मात्र संगृहीत भएको देखिन्छ ।

११. **निद्देस** - निद्देसको अर्थ हो व्याख्या । निद्देसमा सुत्तनिपातको खग्गविसाण-सुत्त र परायणवग्गको बारे व्याख्यान गरिएको पाइन्छ ।

१२. **पटिसम्भिदामग्ग** - यसमा तीन वर्ग छन् र प्रत्येक वर्गमा १० परिच्छेद छन् । प्रतिसम्भिदा ज्ञान प्रभेदको अर्थमा प्रयुक्त छ । यो पटिसम्भिदामग्ग अर्थ, धर्म, निरुक्ति र प्रतिभान यी चार प्रतिसम्भिदाहरूमा दक्षता प्राप्त गर्नका लागि तथा संसारका सारा दुःखबाट मुक्तिमार्ग प्राप्त गर्नका लागि अध्ययन गर्नुपर्ने ग्रन्थ हो ।

१३. **अपदान** - अपदान शब्दको अर्थ हो जीवन-चरित्र । बुद्धापदान, पच्चेकबुद्धापदान, थेरापदान र थेरीअपदान गरी चार भागमा विभाजित ७६१९ गाथाहरू यसमा संगृहीत छन् ।



Downloaded from http://www.dhamma.digital

१४. **बुद्धवंस** - बुद्धका परम्परागत इतिहास भएको बुद्धवंशमा दुइवटा परिच्छेदहरू छन् - बुद्ध प्रकीर्णक काण्ड र धातु- भाजनीय कथा। बुद्ध प्रकीर्णक काण्डमा अतीत बुद्धहरू दीपंकर बुद्धदेखि काश्यप बुद्धसम्म जम्मा २४ जना बुद्धहरूका बारे वर्णन भेटिन्छ भने धातुभाजनीय कथामा कुशीनगरमा भगवान् बुद्धको महापरिनिर्वाणपछि धातुविभाजन र प्रतिष्ठान भएको बारेमा विस्तृत वर्णन दिइएको छ।

१५. **चरियापिटक** - यसमा भगवान्ले बुद्ध हुनुभन्दा अगाडि बोधिसत्त्व छँदा दान, शील नैष्क्रम्य, अधिष्ठान, सत्य, मैत्री, उपेक्षादि पारमिता पूर्ण गर्नका निमित्त आफ्ना जीवन समेत उत्सर्ग गरेका विवरणहरू पाइन्छन्।

## विनयपिटक

विनयपिटक भिक्षु, भिक्षुणी संघका निर्दिष्ट नियमको संग्रह हो। ऐतिहासिक दृष्टिकोणले यसमा संघका क्रमिक विकास सम्बन्धी ऐतिहासिक वृतान्तहरू छन्। यसमा संघ व्यवस्था, संघको विधान, उपसम्पदा विधि, देशना विषय, वर्षावाष, भोजन, वस्त्र, औषधि सम्बन्धी नियम, संघ सञ्चालन प्रकृया आदिको विवरणहरू छन्। विनयलाई बुद्धशासनको आयु भनिएको छ।

विनयपिटक तीन भागमा विभाजित छ - १. सुत्त विभङ्ग, २. खन्धक र ३. परिवार।

सुत्तविभङ्गमा पाराजिका र पाचित्तिय दुई भाग छन् भने खन्धकमा पनि महावग्ग र चुल्लवग्ग दुई भाग छन्।

यसरी विनयपिटकका पाँच अंगहरू हुन् - १. पाराजिका २. पाचितिय ३. महावग्ग ४. चुल्लवग्ग र ५. परिवार।

पाराजिका र पाचितियमा भिक्षु विभङ्ग र भिक्षुणी विभङ्ग पाइन्छन्। यसको मूल सार नै भिक्षु-प्रातिमोक्ष र भिक्षुणी- प्रातिमोक्ष हुन्। भिक्षु-प्रातिमोक्षमा भिक्षुहरूद्वारा पालन गर्नुपर्ने २२७ नियमहरू छन् भने भिक्षुणी-प्रातिमोक्षमा भिक्षुणीहरूद्वारा पालन गर्नु पर्ने ३११ वटा नियमहरूको विस्तृत वर्णन पाइन्छ।

महावग्गमा भगवान् बुद्धको जीवनी, व्यस्तै प्रव्रज्या, उपोसथ, वर्षावास, पवारणासम्बन्धी महत्वपूर्ण शिक्षाहरू छन्। महावग्गमा दशवटा खन्धहरू छन्।

चुल्लवग्गमा संघभेद, दोश्रो संगायन भएको बेलाको ऐतिहासिक वर्णन, विनय शिक्षापदको क्रमिक विकास सम्बन्धी वर्णन छन्। चुल्लवग्गमा स-साना नियम, विधानको कुराहरू आउँदछन्। यसमा १२ वटा खन्धहरू छन्।

परिवारमा सुत्त विभङ्ग र खन्धमा आएका शिक्षापद सम्बन्धी प्रश्नोत्तरहरू छन्। यसमा २१ वटा परिच्छेदहरू छन्। ■

## क्रोध

✍ सुश्री सुमना देवी शाक्य
चैनपुर-३, संखुवा सभा

क्रोध भनेको कालसमान हो भनि जान
जब हामीभित्र क्रोधरूपी आगो उत्पन्न हुन्छ
के गर्न हुन्छ के गर्न हुँदैन थाहा हुँदैन
क्रोधको वशमा परेपछि रूप नै हराउँछ

क्रोधि व्यक्तिको सामु पर्न मन पर्दैन
विरूप हुन्छ उसको रूप हेर्न मन लाग्दैन
अरूलाई वशमा राखन पाए प्रशस्त्र हुन्छ
अनित्य छ भनि थाहा हुँदैन क्रोधिलाई

आफ्नो सुख शान्ति हराएर बस्छ ऊ
अरूको सुख शान्ति छिन्न खोज्छ ऊ
दृष्टि विगारी अभिमानी भै बस्छ
क्रोधको वशमा परेर जे पायो त्यही गर्छ

बलेको आगोमा घिउ थप्दा झैं उसले
क्रोध रूपी आगो भित्र सल्काउँदै जान्छ
एक दिन अवश्य मर्नुपर्छ भनि जानी
थाहा पाए देखी क्रोध अवश्य शान्त हुन्छ

जब हामीमा ज्ञानको अभाव हुन्छ क्रोधले स्थान लिन्छ
अज्ञानता भनेको चन्द्रमा नभएको रात समान हो
क्रोधरूपी शत्रुलाई हटाउन मैत्री भावना गरौं
विना भेदभाव संसारप्रति असिम प्रेमभाव बढाऔं



Downloaded from http://www.dhamma.digital

# शाक्यधीता (बुद्ध अनुयायी महिलाहरू) को क्याम्वोडियामा एक भेटघात

✍ नवराज रिजाल

सन् १९८७ मा भारतको बुद्धगयामा महिलाहरू र बुद्ध शिक्षा विषयमा अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो । उक्त सम्मेलनमा महिलाहरूले पुरुषहरू सरह अधिकार पाउनु पर्छ भन्ने विषयमा विशेष चर्चा गरिएको थियो । सोही सभामा यी बुद्ध शिक्षा अनुयायी महिलाहरूको संगठनलाई शाक्यधीता नाम राखिएको थियो । यस शाक्यधीता शब्दले बुद्धका छोरीहरू भन्ने अर्थ जनाउँदछ । हाल यस संगठनको सदस्य संख्या जम्मा १८०० जवान पुगेको देखिन्छ भने बुद्ध धर्मका अनुयायी महिलाहरूको संख्या अत्यधिक पुगेको जनाइएको छ ।

हालसम्म उत्तर अमेरिका, पश्चिमी मुलुकहरू, श्रीलंका, सिंगापुर, थाइल्याण्ड, नेपाल र लडाख आदि देशहरूमा यस शाक्यधीता संगठनको शाखाहरू खोलिएका छन् । हरेक २ वर्षमा यस संगठनले बुद्ध शिक्षामा महिलाहरूको भूमिका, उनीहरूको समस्याहरूको विषयमा छलफल गरी अन्तर्राष्ट्रिय सम्मेलन गरिदै आएको छ । हालसम्ममा बुद्धगया, थाइल्याण्ड, श्रीलंका, लडाख र क्याम्वोडिया गरी जम्मा ५ वटा देशहरूमा यस सम्मेलन सम्पन्न भइसकेका छन् ।

क्याम्बोडियाको सबैभन्दा उत्कृष्ट धार्मिक मन्दिरमा साधारण र धार्मिक विचारधारा भएका महिलाहरू समेत सहभागी भई शाक्यधीताको पांचौं अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरिएको थियो । बुद्ध धर्ममा धनी रहेका क्याम्बोडियामा २५ वर्ष सम्म भएको लडाईंमा झण्डै २० लाख मानिसहरूको ज्यान गएको थियो । जसमा महिलाहरूको संख्या धेरै थियो । लडाईंको कारणले बुद्ध धर्मको प्रचार र प्रसारमा यो मुलुक पिछडिएको थियो । यस्तो अवस्थामा यस मुलुकमा शाक्यधिताको पांचौं सम्मेलन गर्ने निर्णयले क्याम्बोडियाका जनताहरू हर्षले विभोर भएका थिए । यस सम्मेलनको उद्घाटन क्याम्बोडियाकी महारानीले गर्नु भएको थियो । उद्घाटन भाषणमा रानीले यस सम्मेलनले क्याम्बोडियामा बुद्ध धर्मको संरक्षणमा सहयोग पुग्ने आशा व्यक्त गर्नु भएको थियो ।

यस सम्मेलनको विषय "महिला बुद्ध अनुयायीहरूको एकता र विभिन्नता" रहेको थियो । सम्मेलनमा आपसी छलफलको तरीकालाई बढि जोड दिइएको थियो । पूर्व र पश्चिमी मुलुकहरूमा महिला बुद्ध अनुयायीहरूको के कस्तो कुरामा विभिन्नता र समानता रहेको छ भन्ने विषयमा छलफल भएको थियो । अव आउने नयाँ शताब्दीमा बुद्ध धर्मबाट समाजमा महिला र बच्चाहरूमा कसरी मानवता र न्यायको सृजना गर्न सकिन्छ भन्ने विषयमा पनि यस सम्मेलनले जोड दिएको थियो ।

बुद्ध शिक्षा अनुसार महिला र पुरुषहरू विच कार्यको आधारमा कुनै पनि फरक छैन भन्ने कुरालाई यस सम्मेलनले जोड दिएको थियो । यसरी आठवटा विशेष कुराहरूमा यस सम्मेलनले छलफल गरियो ।

संसारमा महिलाहरूको मुक्तिको लागि बुद्धले सर्वप्रथम कान्तिकारी आवाज उठाए, उनको भनाईमा महिला र पुरुषहरूको बुद्धि र मनोभावनामा कुनै अन्तर छैन ।

प्रकृतिको सोचाईमा पनि महिला र पुरुषमा कुनै भिन्नता पाईदैन ।

समाजमा महिला भएर जन्मिनुलाई नै खराब कर्म मानिन्थ्यो । त्यसैले उनीहरूको काम सिर्फ बच्चा जन्माउनुमा मात्र सीमित राखिन्थ्यो । उनीहरूलाई पठनपाठनबाट पनि वंचित गरिन्थ्यो । धार्मिक कार्यमा लाग्ने महिलाहरूलाई समाजमा के कस्तो व्यवहार गरिन्थ्यो आदि ।



Downloaded from http://www.dhamma.digital

शाक्यधीताको मुख्य उद्देश्य नै संसारका ती महिलाहरूलाई भेला गराई एक आपसमा विचारको आदान प्रदान गरी कसरी उनीहरूको कल्याण गर्न सकिन्छ भन्ने विषयमा सोच्नु हो ।

महिलाहरूको यो आन्दोलन तिनीहरूको अधिकारको लागि मात्र सीमित नरहेर उनीहरूको भित्री मनोभावनाको विकास कसरी गर्न सकिन्छ भन्ने कुरामा पनि सोचिएको छ ।

हामीले यो कुरा भन्न सकिन्छ कि बुद्ध शिक्षामा विश्वास गर्ने महिलाहरू एक आपसमा संगठित भएमा यो संसारमा ठूलो परिवर्तन ल्याउन सकिनेछ ।

सामाजिक मान्यता, धार्मिक उन्नति, आर्थिक सम्पन्नता र राजनैतिक उपलब्धीको लागि शिक्षाको विकास हुनु जरुरी छ । बुद्ध शिक्षालाई राम्ररी जानी यसमा अभ्यासरत महिलाहरूले संसारमा शान्तिको संदेश पुऱ्याउन सक्नेछन् ।

यस सम्मेलनको मुख्य उद्देश्य संसारका मानिसहरूको शुद्ध आचरणमा विकास गर्नु भएतापनि सर्वप्रथम हामीले महिलाहरूलाई यस विषयमा जगाउनु आवश्यक छ ।

अन्त्यमा यस कुराको आशा गर्न सकिन्छ, महिलाहरूले समाजमा पुरुष सरह समान अवसर पाउनेछन् । एकले अर्कालाई मैत्रीपूर्वक मार्ग प्रदर्शन गर्ने प्रकृयामा अगाडि बढ्दै जाने हो भने हामीले एउटा सुनौलो संसारको निर्माण गर्न सक्नेछौं । यस कामको लागि हामी सबैको आपसी सहयोग चाहिएको छ ।

**नोट-** (लुम्बिनीको गौतमी विहारमा हुन गइरहेको छैठौं शाक्यधीता सम्मेलनको उपलक्षमा प्रकाशित ।) ❖

**NOT TO DO EVIL**
**पाप कर्म कहिल्यै नगर्नु**
**TO CULTIVATE MERIT**
**पुण्य गर्दै जानु**
**TO PURIFY ONE'S MIND.**
**आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु**
*– This is the teaching of the Buddhas.*
***यहि नै बुद्धहरूको उपदेश हो ।***

## आत्मग्लानि

✍ **पूर्णप्रसाद ब्राह्मण**
*संकलन- धर्मराज तामाङ*

**काँप्थ्यो उद्धत राष्ट्रशक्ति जसको आदर्श सुन्दै पनि**
**ढोग्थे इन्द्रसमेत पाउ जसको पसेर सादा बनि**
**देख्ता धपधप ब्रह्मतेज जसको हुन्थे फिका झैं रवि**
**सच्चा ब्राह्मण ता उनै अघि थिए हाम्रा पुराना ऋषि**

**छैनौं आज त न्यायका गुरु तथा अन्यायका दुश्मन**
**त्यस्ता त्याग उदार धर्मरणका नेता कुनै ब्राह्मण**
**खाली द्रव्य पिशाच श्राद्ध ढुकुवा छौं नाउँका बाहुन**
**आशालुब्ध छ दक्षिणा र खिरमै जसको सधैं जीवन**

**छाडेथ्यौं जब त्यो तपोवन प्रथा त्यो त्याग त्यो गौरव**
**थाल्यौं ब्राह्मण बन्न भिखमगुवा आशामुखी सेवक**
**ऐले ब्राह्मण शब्दबाट दुनियाँ मान्छे भनि बुझ्दछ**
**यस्तो नैतिक पात ब्रह्मणकुलको के यो उसै सह्य छ ?**

**छोडी गोरस पौल धर्मवनको लत्याई त्यो गो धन**
**चाँदीका रसहीन आत्महरूवा टुक्रा बटोली कन**
**के पायौ कति पुष्टियौ बल बढी पृथ्वी उचाल्यौ कित**
**भन्दैमा पनि शर्म लाग्छ अहह ! फाल्यौ उसै हुर्मत**

## हाकुगु नुगः यचुकेगु उपाय

✍ **पूर्णबहादुर प्रजापति, ज्याठा**

**वसः हाकुसा सरफ व साबों नं यचुके फु**
**म्ह फोहरसा नं साबों थाना यचुके ज्यू**
**नुगः हाकुगु छुकिं यचुकेगु ?**
**दान शील पालन या अभ्यासं**
**शील समाधिं युक्त जुया नुगः चक्कंके ज्यू,**
**अनित्य संसार धकाः थुइका सी मानि धैगु लुमंके**



Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्ममा श्रद्धाको स्थान

✍ चन्द्रकाजी शाक्य

बुद्ध-धर्म बुद्धि-प्रधान धर्म हो । यसलाई 'एहिपस्सिक' धर्म भनिएको छ- जसको अर्थ हो 'आउ र हेर' । विश्वासको यहां कुनै स्थान छैन । वैज्ञानिक प्रक्रियाको समान खोज र परीक्षण यसको साधन हो र विश्लेषण यसको मार्ग हो । सत्य यसको लागि एक खोज गर्ने वस्तु हो, पहिलेदेखि तयार गरिएको (ready made) लेन-देनको लागि होइन । यसैले मनुष्यलाई बांधने प्रयत्न यहां बिल्कुल गरिएको छैन । बुद्ध धर्मको यो एक यस्तो विशेषता हो जसले यसलाई संसारका अन्य सबै धर्महरूबाट अलग्ग गरिदिएको छ ।

बुद्ध धर्मको बुद्धिवादी दृष्टिकोणको कारण यसलाई आधुनिक युगमा काफी लोकप्रियता मिलेको छ । वैज्ञानिक मनलाई संतोष दिनमा जति यो धर्म समर्थ भएको छ, उति अन्य कुनै धर्म छैन । यूरोपमा, उन्नाइसौं शताब्दीमा, जब धर्म र विज्ञानको संघर्ष चलिरहेको थियो, यूरोपीय विचारकहरूका यस धर्मसित परिचय भयो । त्यहां उनीहरूलाई एक यस्तो अद्भूत धर्म मिल्यो, जसको न केवल मान्यताहरू विज्ञानसित संगत थियो, बरु जसको सोच्ने तरीका वैज्ञानिक थियो । यस धर्मसित परिचय पाएर यूरोपका विचारकहरूलाई कत्तिको आश्वासन मिलेको छ, यसबाट जान्न सकिन्छ कि त्यसमध्ये एक (सर फ्रांसिस यंग हस्बेण्ड) ले भनेको छ कि बुद्ध उपदेशहरूलाई सम्झने वास्तविक समय अब पच्चीस सय वर्ष पछि आएको छ र अर्को एक (बर ट्रेंड रसल) ले आफ्नो श्रद्धा व्यक्त गर्दै भनेको छ कि, "यदि म कुनै धर्मलाई अपनाउंछु त त्यो बुद्ध धर्म नै होला ।" बुद्ध धर्मको निरन्तर बढ्दै गएको प्रभावको यो शब्द संकेत भार हो । जुन धर्मको प्रभावमा आधाभन्दा बढी मानव समाज पहिले पनि आइसकेको छ । यसलाई अझ ठीक तरीकाले भन्ने हो भने यसको मार्गको (किनकी मार्ग भन्दा अतिरिक्त बुद्ध धर्म अरू केही होइन), ज्ञान र मानवताको विकासको लागि पूरा विश्वले अपनाए भने पनि कुनै आश्चर्यको कुरा नहोला । जस्तो कि एक जापानी सम्राटले भनेको थियो- "संसारमा कुनै यस्तो प्राणी छैन, जो बुद्ध धर्मबाट प्रभावित नहोस्, यदि यो उसको सामुन्ने राखियो भने ।"

यसलाई एक युग धर्मको कुरानै सम्झनु पर्दछ कि बुद्ध धर्मको विशेषत: बुद्धिवादले यस युगमा मानिसहरूलाई आफूतिर आकृष्ट गरेको छ । बुद्ध धर्मको यस्ता अनेक गुणहरू छन्, जुन भिन्न-भिन्न प्रकृतिका मानिसहरूलाई भिन्न भिन्न युगहरूमा आकृष्ट गर्दै रहलान् । यहां खालि एक सूक्ष्म भय यो छ कि कति यसमध्ये कुनै एक गुणलाई अतिवाद गरि नबसोस्, जसबाट हामी तथागतको मन्तव्यबाट टाढा जाउंला । बुद्ध-मन्तव्य यत्तिको परिपूर्ण छ जतिको सत्य । अर्को शब्दमा हामी यसलाई यसरी भन्न सक्तछौं कि मध्यम-मार्गबाट तथागतले धर्मको उपदेश दिनुभयो । 'मज्झेन तथागतो धम्मं देसेति' । यो कुरा हामी बुद्ध धर्मको प्रकृत रूपलाई सम्झनमा संधै याद राख्नु पर्दछ ।

कोरा बुद्धिवाद मनुष्यलाई प्रकृतिवाद या भौतिक वादमा लैजाला, जुन प्रकार कोरा श्रद्धावाद अन्ध विश्वासमा । बुद्ध धर्म दैवी विश्वास माथि त आधारित छंदै छैन, त्यो भौतिक वादबाट पनि उत्तिनै टाढा छ । जहांसम्म त्यो प्रज्ञाको विकास माथि जोड दिन्छ, बुद्ध धर्म एक विज्ञान हो । परन्तु जहां त्यो प्रज्ञाको व्याख्या 'कुशल चित्त-संयुक्त ज्ञान' को रूपमा गर्दछ, त्यो विज्ञान भन्दा अघि बढी नैतिक दर्शन बन्दछ र विज्ञानलाई पथ-प्रदर्शन गर्दछ । बुद्धिवादी व्याख्यामा खरा उतरेर पनि त्यो बौद्धिक होइन । यसैले त्यसमा श्रद्धाको महिमा आफ्नै ढंगबाट सुरक्षित छ, यो हामी यसको स्वरूपको विवेचनबाट पछि हेरौंला ।

भगवान बुद्धले जुन ज्ञानलाई प्राप्त गरे, त्यसलाई वहांले 'अतर्कावचर' भनेको छ । 'अतर्कावचर' को अर्थ हो तर्कबाट अप्राप्य । सत्य या बोधिको प्राप्ति बौद्धिक ऊहापोहबाट हुन सक्तैन । जस्तो कठोपनिषद्का ऋषिले भनेको थियो 'यो मति तर्कबाट प्राप्त गर्न सकिंदैन'



Downloaded from http://www.dhamma.digital

(नैषा तर्केण मतिरापनेया) यही अर्थ 'अतर्कावचिर' शब्दमा निहित छ । बौद्धिक ज्ञानबाट पर यस गम्भीर सत्यलाई प्राप्त गर्नको लागि सर्व प्रथम कुन कुराको आवश्यकता होला, यसलाई बताउँदै ज्ञान-प्राप्तिको लगतै पछि भगवानले भन्नु भएको थियो, "अमृतको द्वार खुलेको छ । जसको कान छ, उ श्रद्धातिर मोड ।" बुद्ध धर्म चित्त-शुद्धिको लागि हो र चित्त शुद्धिको लक्ष्य हो निर्वाण । निर्वाण या पूर्ण-विशुद्धिको लागि तथागतले पुरुषार्थलाई नै प्रधान साधन बताउनु भएको थियो । यो सार्थक छ कि बौद्ध परिभाषामा 'प्रधान' शब्दको अर्थ नै पुरुषार्थ हो । वीर्य र अप्रमाद यसैको दोश्रो नाम हो । वीर्य र अप्रमादको रुपमा देख्नु नै बौद्ध साधना नै उसको वास्तविक रूपमा देख्नु हो । तर वीर्यारम्भको लागि प्रेरणा या शक्ति कहांबाट मिल्छ ? बुद्धिबाट त मिल्न सक्तैन, किनकी क्रियामा प्रवृत्त गराउने उसमा शक्ति छैन, उसको सम्बन्ध हृदयसित छैन । यसको अक्षय स्रोत त श्रद्धा नै हो, जुन हृदयबाट उत्पन्न हुन्छ र जसलाई भगवानले एक 'बल' मान्नु भएको छ, एक 'इन्द्रिय' या जीवन-शक्ति भनेको छ । बुद्ध धर्ममा पांच इन्द्रियहरू (श्रद्धा, वीर्य, स्मृति, समाधि र प्रज्ञा) र सात बल (श्रद्धा, वीर्य, स्मृति, समाधि, प्रज्ञा, लज्जा र भय या पाप-भय) मानिएका छन् । उनमा श्रद्धालाई प्रथम स्थान प्राप्त छ । यसको कारण यो हो कि उत्पन्न हुँदैमा श्रद्धा चित्त मलहरूलाई हटाई दिन्छ जस्तो भनिएको पनि छ, "सद्धा उप्पज्जमाना नीवरणे विक्खम्भेति ।"

श्रद्धा चित्तमा उत्पन्न हुन्छ, यसको लक्षण नै यो हो कि सारा मन प्रसन्नताले भरिन्छ, मनुष्यको चेतना एकदम शान्ति र आध्यात्मिक 'प्रसाद' मा डुबीन्छ । श्रद्धालाई लक्ष्य गर्दै "मिलिन्द प्रश्न" मा भनेको छ "सम्पसादनलक्खणा सद्धा" अर्थात् श्रद्धाका लक्षण हो संप्रसाद, चित्त प्रसन्न हुनु, शान्त हुनु, उत्साहले भर्नु । 'मिलिन्द-प्रश्न' ईसवी सन्को करीवको रचना हो । भनाईको मतलब श्रद्धा चित्तको त्यो प्रसाद-मयी अवस्था हो, जुन एक तर्फ साधकलाई उन्नत आध्यात्मिक अवस्थाहरूका अनुभव गर्नको लागि उत्साहित गर्दछ र अर्को तर्फ संशयादि चित्त-मलहरूलाई हटाई चित्तलाई शान्ति प्रदान गर्दछ । श्रद्धाबाट नै वीर्य उत्पन्न हुन्छ । वीर्यारम्भ गर्नेको स्मृति ठहर्दछ । जसको स्मृति ठहरेको छ, उसैको चित्त समाधिमग्न हुन्छ र चित्तको समाधिबाट नै प्रज्ञा मिल्दछ, जसबाट साधक यथाभूत ज्ञान दर्शनलाई प्राप्त गर्दछ ।

यस साधना क्रमको आरम्भ प्रसाद-रूप श्रद्धाबाट नै हुन्छ । यसको सच्चाईको साक्षी गीतामा पनि संक्षेपमाः यी शब्दहरूमा दिइएको छ । "प्रसादे सर्व दु:खानां हानिरस्योपजायते । प्रसन्नचेतसो ह्याशु बुद्धिः पर्यवतिष्ठते" । संशयया मा अंश्रद्धालाई जुन प्रकार गीतामा विघ्न मानेको छ र अज्ञ र अश्रद्धालुको विनाशको कुरा भनेको छ, त्यसै प्रकार संशय या विचिकित्सा (विचिकिच्छा) लाई बौद्ध साधनामा चित्तको एक कांडा भनिएको छ । "जुन भिक्षु शास्ताप्रति संदेह गर्दछ, वहां प्रति श्रद्धा राख्दैन, प्रसन्न हुन्दैन, उसको चित्त संयम-योग र प्रधान (पुरुषार्थ) तिर झुक्दैन ।" यसैले जहां तहीं पालि त्रिपिटकमा साधकको वर्णन गरेको छ, त्यहां सबभन्दा पहिले यही कुरा भनेको छ- 'यहां भिक्षु श्रद्धाबाट युक्त हुन्छ' (इध भिक्खु सद्धाय समन्नागतो होति) आदि । यसैले हामी भन्न सक्दछौं कि बौद्ध साधनाको प्रस्थान-बिन्दु बुद्धि होइन, बरु श्रद्धा हो जस्तो बृहदारण्यक उपनिषद्का ऋषिले भनेको छ, "श्रद्धाको प्रतिष्ठा हृदयमा छ" - "हृदय ह्येव श्रद्धा प्रतिष्ठिता" । दानादिको प्रसंगमा जुन प्रकार श्रद्धाको प्रशंसा वैद्धिक ग्रन्थहरू गरिएका छन्, उस्तै प्रकारले बौद्ध साहित्यमा श्रद्धाको सम्पूर्ण पुण्यकारी बस्तुहरूका आधार भनेको छ । सुत्त-निपातको कसि भारद्वाज-सुत्तमा भगवान बुद्धले अमृतको खेती गरेको देखाएको छ । उसको बीज त्यहां श्रद्धालाई नै बताएको छ । श्रद्धालाई बार-बार अभ्यास गरेको अवस्थालाई नै आचार्य बुद्धघोषले भक्ति भनेको छ (पुनप्पुने भजन वसेन सद्धा वा भत्ति) र भक्ति अनिवार्यतः प्रेम (पेम) सित सम्बन्धित छ तर यो ध्यान दिन योग्य कुरा हो कि बौद्ध साधना श्रद्धाबाट प्रेमरूपा भक्ति तर्फ नमोडी प्रज्ञा रूपिणी भावना तर्फ बढी गएको छ, जुन विवेक र विरतिभन्दा बढी सम्बन्धित छ ।



Downloaded from http://www.dhamma.digital

यस प्रकार हामी देख्दछौं कि बौद्ध साधनामा श्रद्धा र बुद्धिको समन्वय छ । उसको श्रद्धा 'प्रज्ञान्वया' हो । प्रज्ञाले युक्त भए पछि नै श्रद्धा मुक्तिको साधना बन्दछ । साधनाको आरम्भ त श्रद्धाबाट नै हुन्छ, तर अन्तमा यसलाई प्रज्ञाले छेदन गर्नु पर्दछ ।

श्रद्धाद्वारा विमुक्त हुने कुरा भगवानले अनेक बार भन्नु भएको थियो । "श्रद्धाद्वारा मनुष्य भव-बाढलाई तर्दछ" (सद्धाय तरती ओघं) । यस्तो वहांले अनेक बार आश्वासन दिनु भएको थियो । पिंगिय नामको ब्राह्मण विद्यार्थीलाई वहांले अनेक उदाहरण दिनु हुदै श्रद्धाद्वारा मुक्त भई जानको लागि उत्साहित गर्नु भएको थियो । भगवानले त्यसलाई भन्नु भएको थियो, "जुन प्रकार वक्कलि, भद्रायुध र आलवि गोतम श्रद्धाद्वारा मुक्त भए, त्यसै प्रकार पिंगिय ! तिमी पनि श्रद्धाको उपस्थित गर । तिमी मृत्युलाई पार गरी जाऔला ।" यस प्रकार श्रद्धाद्वारा भगवानले विमुक्ति सिकाउनु भएको छ ।

तथागतको 'प्रज्ञान्वया श्रद्धा' यस अस्त-व्यस्त जीवलोकको लागि, जसको बौद्धिक र भावात्मक सन्तुलन गुमेको छ, सांच्चिकै एक वरदानको वस्तु हो । ■

## विश्वे शान्ति खयमा

✍ अमृतमान शाक्य, इतुम्बहा, यें

थ्व धर्तीमाताया
बोझ छता म्हो याय्गु सो
थुगु धर्ती विकृतिं थाय् काय् धुंकल
होशय् वय्माल सकसिनं ।
मांया गर्भ जन्म जुयाथें
आर्य आर्या जुइगु कर्मज्वना थन
धर्ती मातायात मंगल जुइगु ख:सा
चीवरया मूल्य दै थन ।
याय्मते सुयातं अविवेक
न्यनावनि विश्वय् विकृति व्यवहार
चित्ते लुइकी विश्वे शान्ति
स्वय्दय्मा जिमिसनं धका: ।
स: व्यु थम्हं: नं
विश्वे शान्ति खयमा धका ।

ने.सं. ११२० थिलाध्व ७

## "दु:ख"

✍ अजय राज शाक्य
नकबहिल-१६

( १ )

दु:खमय संसारे सुख खनि दईमखु
सुखया लागी जप, तप, यज्ञ, दान याकी
स्वर्ग मोक्षया जालय् तक्यना प्राणी मूर्ख जुई
दु:ख निवारणया मार्ग मदया व्यर्थे जन्म विनाश जुई
भव सागरय् जुया प्राणी जातिया सुख दईमखु

( २ )

जन्म, बूढा-बूढी, रोग व मरण, दु:ख ख:
प्रिय वियोग व अप्रिय संयोग दु:ख
इच्छीत वस्तु मदैगु नं दु:ख न्यागू उपादान स्कन्ध
रूप, वेदना, संज्ञा, संस्कार व विज्ञान मूल दु:ख न्ह्याबलें

( ३ )

दु:खया कारण काम तृष्णा, भव तृष्णा व विभव तृष्णा
काम भोगया तृष्णाय् ल्वापु जुई
गरीब, ज्ञानी, मूर्ख थ:थ: ल्वापु जुई
द्वेष बौ, माँ, काय् व तता, केहें, दाजु किजा ल्वापु जुई

( ४ )

तृष्णाया त्याग यायेगु हे दु:ख निरोध
त्वति कल्पनाया विषय् भोग व तृष्णा
तृष्णा नाश जुईव उपादान नाश जुई
उपादानया नाश जुईव भव जन्म दैइमखु

( ५ )

दु:ख निरोधया मार्ग बुद्ध धर्मया सार
दु:ख विनाशया लंपु च्यागू
सम्यक दृष्टि-संकल्प-प्रज्ञाया प्रतिक
सम्यक वचन-कर्मान्त, आजिविका-शीलया प्रतिक
सम्यक व्यायाम-स्मृति-समाधि-समाधिया प्रतिक

थ्वहे बुद्धया उपदेश



Downloaded from http://www.dhamma.digital

# तानसेनमा बौद्ध पर्यटन विकासको संभावना

✍ सह प्रा. छत्रराज शाक्य

१. विषय प्रवेश

नेपालको विदेशी मुद्रा आर्जन गर्ने स्रोतहरूमध्ये पर्यटन उद्योग पनि एउटा प्रमुख स्रोत मानिन्छ। वर्षेनी करीब ३,५०००० पर्यटकहरू भित्रिने हुँदा विदेशी मुद्रा आर्जनमा यो उद्योगले महत्वपूर्ण भूमिका खेलेको छ। नेपालको पर्यटन उद्योगमा धार्मिक पर्यटन अन्तर्गत बौद्ध पर्यटनको महत्वपूर्ण स्थान रहेको पाइन्छ।

भगवान बुद्धको जन्मस्थल 'लुम्बिनी' विश्वका सम्पूर्ण बौद्धहरूको पावन तीर्थस्थल भएकोले मुख्य गरेर दक्षिण पूर्वी एशियाली देशहरूबाट वर्षेनी करीब ४०,००० बौद्ध तीर्थयात्रीहरू लुम्बिनी दर्शनार्थ आउने गर्दछन्। पाल्पा जिल्लाको सदरमुकाम प्राकृतिक सुन्दर तानसेन नगरी, लुम्बिनीबाट नजिक, मनोरम जलवायु, पर्याप्त बौद्ध विहार एवं बौद्धहरू भएको हुनाले यहाँ बौद्ध पर्यटन (Buddhist Tourism) को विकासको संभावना प्रचुर मात्रामा रहेको छ। तानसेन पाल्पाको विकास शिक्षा, स्वास्थ्य र पर्यटन विकासबाट नै संभव हुने हुँदा, यसै अन्तर्गत बौद्ध पर्यटनको विकास गर्नुपर्ने आजको आवश्यकता भएको छ।

श्री ५ को सरकार १९९८ वर्षलाई नेपाल भ्रमण वर्ष (Visit Nepal 1998) को रूपमा मनाएको। यो वर्ष नेपालमा पर्यटक संख्या ५ लाख भित्र्याउने लक्ष्य राखे मुताविक विभिन्न रमणीय स्थलहरूमा वाह्य एवं आन्तरिक पर्यटकहरूलाई मनाउने क्रममा गत २९-३१ चैत २०५४ मा तानसेन नगरपालिकाको सक्रियतामा 'तानसेन महोत्सव' को आयोजना गरिएको थियो।

२. तानसेनमा बौद्ध पर्यटन विकासको संभावना :

(क) पर्यटन उद्योगको विकास संभावना र स्थितिः

तानसेन, मनोरम श्रीनगर डाँडाको दक्षिणी काखमा समुद्र सतहभन्दा ४५०० फीट उचाईमा अवस्थित ऐतिहासिक मनोरम नगर हो। यहाँको जलवायु मनोरम छ, न बढी जाडो न बढी गर्मी नै हुन्छ। प्राकृतिक वातावरण हराभरा एवं प्रदूषणरहित स्वच्छ रहेको छ। नेपाली शैलीका घरहरू अझै पनि पर्याप्त देखिन्छ। सडकहरू चेप्टा ढुंगाले छापिएका छन्। बौद्ध विहार, मन्दिर दरवार, प्राचीन स्मारकहरूले गर्दा नगर सुन्दर देखिन्छ। उच्च शिक्षा र स्वास्थ्य उपचार सुविधा स्तरीय र निकै राम्रो छ। यी विभिन्न कारणहरूले गर्दा तानसेनमा पर्यटन उद्योग विकासको संभावना पर्याप्त मात्रामा रहेको छ। यस सम्बन्धी आधारभूत भौतिक सुविधाहरू विस्तार हुँदैछन्। वर्तमानमा आन्तरिक र बाह्य देशबाट बौद्ध एवं अन्य पर्यटकहरू बढी आउन थालेका छन्। पर्यटन व्यावसायिक गतिविधिहरू विस्तारै विकसित हुँदैछन्।

(ख) बौद्ध पर्यटन विकासको संभावना :

तानसेन नगरीमा बौद्ध पर्यटकहरूलाई आकर्षित गर्नसक्ने धेरै कुराहरू विद्यमान भएकोले बौद्ध पर्यटन उद्योग विकासको प्रचुर संभावना यहाँ रहेको छ। ती मध्ये केही प्रमुख कुराहरूको चर्चा यहाँ गरिएको छ।

पहिलो त काठमाडौं, ललितपुरबाट बसाइ सरिआएका शाक्य र बज्राचार्य बौद्धहरूको संख्या प्रशस्त छन्। यहाँका बौद्धहरू श्रद्धावान एवं सहनशील देखिन्छन्। भगवान् बुद्धको वंशजको रूपमा शाक्यहरूलाई लिने हुँदा खास गरेर श्रीलंका, बर्मा र थाइल्याण्डका बौद्धहरूले सम्मानको दृष्टिले हेर्दछन् र यी शाक्यहरूको घरमा केही दिन बस्न पाए आफूलाई भाग्यशाली ठान्दछन्।

दोस्रो, तानसेनमा ५ वटा महायानी र थेरवादी बौद्ध विहारहरू छन्। बौद्ध भिक्षु एवं तीर्थयात्रीहरू यहाँ आनन्दसाथ बस्न सक्दछन्।

तेस्रो, बौद्ध परम्परा अनुसार बुद्ध जयन्ती महोत्सव, प्रत्येक अष्टमी पूर्णिमा, औंसी र संक्रान्ती तिथिमा विभिन्न विहारहरूमा नियमित बुद्ध पूजा, भजन, धार्मिक कार्यक्रमहरू संचालन भइराख्दछन्। सबै पर्यटकहरू विहारमा प्रवेश गरी धार्मिक कार्यक्रममा सरिक भई यसको अवलोकन गर्न सक्दछन्।

चौथो, बौद्ध परम्परा दाफा भजन र ज्ञानमाला भजन विहारहरूमा संचालन भइरहन्छन्। हारमोनियम र



Downloaded from http://www.dhamma.digital

तबलाको ताल, सुर र लयमा गाइने भजनहरू पर्यटकहरूलाई रमाइलो र आकर्षक विषय हुन्छ।

पाँचौं, श्रीनगर डाँडामा बुद्धकालीन पारिलेय्यकको नमूनास्वरूप भगवान् बुद्धको ध्यानमग्न मूर्ति र सेवारत हात्ती र बाँदरका प्रतिमा स्थापना गरी निर्माण गरिदैछ। सो स्थल रमणीय र मनमोहक हुनेछ।

छैटौं, बौद्ध पर्यटकहरूले श्रीनगर डाँडाको उत्तरी भेगको शान्तवन क्षेत्रमा ध्यान अभ्यास गर्न सक्दछन्।

सातौं, लुम्बिनीमा वर्षेनी ४०,००० बौद्ध तीर्थयात्री आउने गर्दछन्। ती मध्ये २०-२५ प्रतिशतलाई मात्र आकर्षित गर्नसकेमा तानसेनमा बौद्ध पर्यटन उद्योग फस्टाउन सक्दछन्।

आठौं, बुद्ध धर्म सम्बन्धी गहन अध्ययन र अनुसन्धान गर्न चाहने बौद्ध विद्वान् एवं अनुसन्धानकर्ता, पर्यटकहरूलाई 'करूणा बौद्ध पुस्तकालय बुद्ध विहार होलाङ्गीले आवश्यक सुविधासहित सो अवसर उपलब्ध गराउँदछ।

### ३. लुम्बिनीदेखि तानसेनसम्म

तानसेन-पाल्पाका तत्कालीन तैनाथवाला प्रशासक जनरल खड्ग शमशेरले वि.सं. १९५३ (सन् १८९६) मा लुम्बिनीको घना जंगलमा गई सिपाहीहरूको सहयोग लिई उत्खनन् गरी २ हजार २५० वर्षअघि सम्राट अशोकले खडा गरेको 'अशोक स्तम्भ' जो जमीनमुनि हराएको थियो, पत्ता लगाए। यसरी विश्वको पुरातात्विक इतिहासमा अतुलनीय योगदान पाल्पाबाट नै हुनगएको निर्विवाद छ। खड्ग शमशेरले उत्खनन् गरी ३ फुटसम्म 'अशोक स्तम्भ' फेला पारिसकेको अवस्थामा जर्मनीका पुरातत्ववेत्ता डा. फुहरर्, उहाँलाई भेट्न आएका थिए। त्यसपछि डा. फुहरर्ले स्तम्भको फोटो खिची लुम्बिनी पत्ता लागेको कुरा विश्वमा प्रचार गरे।

जापानी वास्तुकलाविद् डा. टाङ्गेको 'लुम्बिनी गुरू योजना' अनुसार लुम्बिनीमा निर्माण कार्य अगाडि बढिरहेको छ। बर्मा सरकारले रंगुन अवस्थित विश्व प्रसिद्ध स्वर्ण महाचैत्य 'स्वेदगो' को नमूना अनुसार चैत्य र विहार निर्माण गरिसकेको छ। त्यस्तै अन्तर्राष्ट्रिय भिक्षुणी विहार नेपालको तर्फबाट तयार भैसकेको छ। जापानको फुजी गुरूबाट स्थापित संस्था 'निप्पोन म्योहोजी'ले सबैभन्दा अग्लो विश्व शान्ति स्तूप' निर्माण गर्दैछ। यसरी लुम्बिनीमा विभिन्न राष्ट्रहरूले २२ वटा परियोजना संचालन गर्दैछन्।

भगवान् बुद्धको पवित्र जन्मस्थल 'लुम्बिनी' दर्शनार्थ वर्षेनी श्रीलंका, बर्मा थाइल्याण्ड, भियतनाम, कम्बोडिया, ताइवान, जापान, कोरिया, चीन, मंगोलिया आदि मुलुकबाट करीब ४०,००० बौद्ध तीर्थयात्री, पर्यटकहरू आउने गर्दछन्। यी तीर्थयात्री, पर्यटकहरू तानसेनमाथि उल्लेखित कुराहरूले गर्दा आकर्षित भइरहेका छन्। लुम्बिनीको हावापानी सार्है गर्मी भएकोले लुम्बिनी दर्शन गरिसकेपछि शीतल हावापानी भएको तानसेनमा रात बिताउन मन पराउँदछन् पर्यटकहरू।

लुम्बिनीबाट सिद्धार्थनगर २१ कि.मी. सिद्धार्थनगर बाट बुटवल २५ किमी र त्यहाँबाट तानसेन ३९ कि.मी. गरी जम्मा ८५ कि.मी. टाढा पर्दछ। अतः निजी वाहनबाट २ घण्टा र अरूबाट ३-४ घण्टाभित्र तानसेन पुग्न सकिन्छ।

### ४. बौद्ध पर्यटन विकास गर्न केही सुझावहरू

माथि उल्लेखित कुराहरूबाट स्पष्ट छ कि, तानसेन-पाल्पामा बौद्ध पर्यटन विकासको संभावना रहेको र ती गतिविधिहरूमा पनि बिस्तारै वृद्धि भइरहेको छ। यस क्षेत्रमा बौद्ध पर्यटन उद्योगको विकास र बिस्तार गर्नका लागि केही सुझावहरू निम्नानुसार प्रस्तुत गरिएका छन्।

१. तानसेन बौद्ध पर्यटन स्थलको रूपमा रहेको कुरा चर्चा गरी नेपाल अधिराज्यको साथै भारतको बुद्धगया, सारनाथ र महापरिनिर्वाण स्थल कुशीनगरमा विभिन्न माध्यमबाट प्रचार-प्रसार गर्नुपर्दछ।

२. लुम्बिनीबाट तानसेन सीधा राम्रो बस सेवा (Deluxcoach Service) संचालन गर्नुपर्दछ। लुम्बिनी-तानसेन हेलिकोप्टर चार्टर सेवा शुरू गर्नुपर्दछ। तानसेनमा यात्रु विमानस्थल (Airport) बनाउने दीर्घकालीन योजना तर्जुमा गर्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

३. लुम्बिनीमा तानसेनको बारेमा 'सूचना एवं सम्पर्क केन्द्र'को स्थापना गर्ने ।

४. तानसेनका विहारहरूमा भिक्षु एवं तीर्थयात्रीका लागि आवास सुविधाको विस्तार एवं विकास गर्ने ।

५. शाक्यहरूको घरमा बौद्ध तीर्थयात्रीलाई 'गृह अतिथि' (Paying Guest) को रूपमा राख्ने व्यवस्था मिलाउने ।

६. तानसेनका पाँचवटै विहारहरूमा बौद्ध शिक्षा कार्यक्रम, ज्ञानमाला भजन बराबर व्यवस्थित ढंगबाट संचालन गर्ने ।

७. स्थानीय धातु उद्योगबाट बुद्ध मूर्ति र अरू उपहार सामग्री (Souvenir) को उत्पादन गर्ने ।

८. अन्तर्राष्ट्रिय ख्यातिप्राप्त बौद्ध विद्वान महानायक आचार्य भिक्षु अमृतानन्द महास्थविरको भीमसेनटोलस्थित जन्म घरलाई संरक्षण गरी 'अमृतानन्द स्मृति घर'को रूपमा दिनसके राम्रो हुनेछ । साथै 'भिक्षु अमृतानिन्दस्मृति बौद्ध संग्रहालय' उहाँकै नेतृत्वमा निर्माण भएको बुद्ध विहार होलाङ्दीमा सबैको सहयोगबाट स्थापना गर्नसके तानसेनमा बौद्ध पर्यटन उद्योग विकास गर्न एउटा दरिलो आधारा तयार हुनेछ । करूणा बौद्ध संघले उक्त विहारको संरक्षण र मरम्मत गर्नुको साथै भिक्षु अमृतानन्दको शालिक स्थापना गर्ने र अन्य योजना कार्यक्रमहरूमा पनि विचार भइरहेको छ ।

९. संघनायक स्व. भिक्षु शाक्यानन्द महास्थविर आनन्द विहारमा करीब ५४ वर्ष बस्नुभएको थियो । उहाँ भन्तेज्यूको स्मरणमा 'भिक्षु शाक्यानन्दस्मृति संग्रहालय' आनन्द विहारमा स्थापना गर्नसके राम्रो हुनेछ ।

१०. विपश्यना ध्यान शिविर र ध्यान अभ्यास कार्यक्रमहरूमा बौद्ध तीर्थयात्री एवं पर्यटकहरूलाई पनि समावेश गर्ने गरी बराबर आयोजना गर्न सकेमा राम्रो हुनेछ ।

अन्त्यमा उपरोक्त प्रस्तुत सुझावहरू अनुसार कार्यान्वयन गर्नसकेमा तानसेनमा बौद्ध पर्यटनको विकास हुने कुरामा विश्वस्त हुन सकिन्छ । अस्तु । ■

बुद्ध-धर्म कविता नं. १८

# अष्टकलाप

✍ **दोलेन्द्ररत्न शाक्य**, चाकुपाट, ल.पु.

पृथ्वी, जल, अग्नि र वायु-धातु चार,
रंग, रस, ओज र गन्ध-अर्को चार,
मिली तत्व आठ अभिन्न, भई एक,
मच्चाउँछन् सृष्टिमा ताण्डव अनेक ॥१॥

टुक्रयाउँदा टुक्रयाउँदै टुक्रिन नसक्ने,
छुटयाउँदा छुटयाउँदै छुट्टिन नसक्ने,
अब हुन्न विश्लेषण त्यसको कतै कुनै,
अन्तिम सत्य हुन् ती सकिन्न छुनै ॥२॥

न्यूट्रोन, प्रोट्रोन, इलेक्ट्रोन जति सबै,
बैज्ञानिकले भने झैं अन्तिम सत्य नभै,
हुन् ती सत्य स्थूल अझै टुक्रिने,
अष्टकलाप त अब टुक्रिनै नसकिने ॥३॥

अष्टकलापको उदय-व्ययलाई हेरी,
शान्त चित्तले यिनको स्वभावलाई जानी,
नयाँ संस्कार रोकी, पुरानोलाई होमौं,
बुझी यही कुरा धर्म शरणमा जाऔं ॥८॥

व्यक्ति, बस्तु, नदी, खेत, वृक्ष र शैली,
हुन ती अष्टकलापका पुञ्जकै भेल,
उदय-व्यय यसका स्वभाव नै हुन्,
चुटकीमा करोडौं बन्दै बिग्रदै छन् ॥४॥

सबैतिर आगो दन-दन दन्किरहेछ,
सबै लोक अस्थिर र कम्पायमान छ,
यस्तोमा कसरी को सुखले हाँस्न सक्छ ?
यस्तोमा कसरी को आनन्दले सुत्न सक्छ ? ॥५॥

पत्ता लगाए बुद्धले ती अष्टकलाप,
प्रयोगै नगरी कुनै औजार विशेष,
प्रज्ञा चक्षुले देखे अन्तिम सत्यलाई,
बुझे उनले संसारको अनित्यलाई ॥६॥

म, मेरो भनी कुन कलापलाई लिने ?
निमेषमै असंख्य उत्पन्न भै नष्ट हुने,
अनित्य क्षणभंगुर चोलालाई जानी,
लागौं धर्माचरणमा भै अप्रमादी हामी ॥७॥

बुद्धजयन्ती २५४३
०५६/१/१७/६



Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय–१५

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

**[८. तायन सुत्त (२.१.८) शिथिलता नगर्नु]**

तायन देवपुत्र जो पहिलो जन्ममा तीर्थङ्कर थियो, रात वितिसकेपछि आफ्नो तेजिलो रश्मिले जेतवनका सबै भाग चम्काई जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो, त्यहाँ आयो र भगवान बुद्धलाई वन्दना गरी अलग्ग एक स्थानमा उभिए।

अलग्ग एक स्थानमा उभिएका तायन देवपुत्रले बुद्ध समक्ष यस गाथा भन्नथाले-

"हे ब्राह्मण ! स्रोत (तृष्णा) लाई काट, पराक्रम गर, काम (पञ्चकाम) लाई टाढा राख,

कामलाई नत्याग्ने मुनिलाई
एकाग्रता प्राप्त हुने छैन ।
यदि (मुक्ति अवस्था प्राप्त गर्ने) कार्य गर्ने हो भने
राम्ररी उक्त कार्यमा लाग्न पर्‍यो ।
उक्त कार्यमा दृढ पराक्रम गर्नुपर्‍यो,
जो प्रव्रजित आफ्नो उद्देश्य प्राप्त गर्ने कार्य गर्न
शिथिल बन्छ, उसले आफूमा अझ बढि क्लेश रूपि
मयलहरू बढाउने गर्छ ।
खराव कार्य गर्नुभन्दा नगर्नु नै राम्रो हुनेछ;
खराव कार्य गर्नाले पछि पश्चाताप गरी चित्त
दुखाइ रहनु पर्नेछ ।

गर्ने नै हो भने ठीक कार्यहरू ठीक तरिकाले गर्नु राम्रो हुनेछ, जुन कार्य गर्नाले पछि पश्चाताप हुनेछैन ॥

राम्ररी नसमातिएको कुशले जसरी हातलाई नै काट्ने गर्छ, त्यसरी नै शिथिलतापूर्वक (खुकुलो तरिकाले) अपनाइएको श्रमण भावले नरकतिर लाने गर्छ ॥

जुन शिथिल कार्य हो, जो व्रत संक्लिष्ट छ, जुन ब्रह्मचर्य झूठो छ, त्यसले राम्रो फल दिँदैन ॥

तायन देवपुत्रले यति भन्यो, यति भनेर उसले भगवान् बुद्धलाई प्रणाम र प्रदक्षिणा गरी त्यहिं अन्तर्ध्यान भएर गयो ।

तब रात बितिसकेपछि भगवान बुद्धले भिक्षुहरूलाई बोलाउनु भयो र भन्नुभयो- भिक्षुहरू हो ! यो रातमा तायन देवपुत्र जो पहिलो जन्ममा एक तीर्थङ्कर थिए, ... ... मलाई अभिवादन गरी अलग्ग एक स्थानमा उभिए।

अलग्ग एक स्थानमा उभिएका तायन देवपुत्रले मेरो समक्ष यस गाथा प्रस्तुत गरे
"स्रोत (तृष्णा) लाई काट ... ... ... ।"

भिक्षुहरू हो ! तायन देवपुत्रले यी कुराहरू भने। यी कुराहरू भनिसकेपछि मलाई प्रणाम र प्रदक्षिणा गरी त्यहिं अन्तरध्यान भएर गए । भिक्षुहरू हो ! तायनका यी गाथाहरूलाई तिमीहरूले पनि अध्ययन गर । भिक्षुहरू हो ! तायनका यी गाथाहरू धेरै सत्य, ब्रह्मचर्य पालन गर्नका लागि ज्यादै उपयोगी छ ।

**[९.चन्दिम सुत्त (२.१.९) चन्द्र ग्रहण]**

श्रावस्तीमा-

त्यस समय चन्द्रमा देवपुत्रलाई असुरेन्द्र राहुले समातेको थियो । तब चन्द्रमा देवपुत्रले भगवान् बुद्धलाई स्मरण गर्दै त्यस समय यस गाथा प्रस्तुत गर्न थाल्यो-

महावीर बुद्ध ! तपाईलाई नमस्कार छ, तपाइँ सबै प्रकारबाट विमुक्त हुनुहुन्छ, म (अहिले) ठूलो विपत्तिमा परेको छु ।

त्यसैले तपाइँले मलाई आफ्नो शरणमा लिनुहोस् । तब भगवान् बुद्धले चन्द्रमा देवपुत्रलाई बचाउनका लागि असुरेन्द्र राहुलाई यसरी गाथाद्वारा भन्नुभयो-

चन्द्रमा देवपुत्र अर्हत् बुद्धको शरणमा आएको छ, राहु (तिमीले) चन्द्रमालाई छोडिदेउ,

बुद्धले सबैप्रति अनुकम्पा राख्दछ ॥

तब असुरेन्द्र राहुले चन्द्रमा देवपुत्रलाई छोडि दियो

(त्यसपछि) उ डराई जहाँ वेपचित्ति असुरेन्द्र रहेको छ, त्यहाँ आयो र संवेग पूर्वक डरले (थरथर काँपी) शरीरका रौंहरू ठाडो पारी अलग्ग एक स्थानमा उभिए । अलग्ग एक स्थानमा उभिएका असुरेन्द्र राहुलाई वेपचित्ति असुरेन्द्रले गाथाद्वारा भन्नथाले–

तिमी किन यसरी डराइरहेका छौ ? राहु तिमीले चन्द्रमालाई छोडिदियो ? संवेगले भरिएको तिमी यसरी किन भयभीत भई उभिरहेका छौ ?

(राहु असुरेन्द्र)-

बुद्धले आज्ञा हुँदा हुँदै पनि
यदि मैले चन्द्रमालाई नछोडेको भए,



Downloaded from http://www.dhamma.digital

मेरो शीर सात टुक्रामा बिभाजित हुने थियो। जन्मभर मलाई सुख मिल्ने थिएन।

**[१०. सुरिय सुत्त (२.१.१०) सूर्य ग्रहण]**

त्यस समय सूर्य देवपुत्रलाई असुरेन्द्र राहुले समातेको थियो।

तब सूर्यले भगवान् बुद्धको स्मरण गर्दै त्यस समय यस गाथा प्रकट गर्न थाल्यो-

महावीर बुद्ध ! तपाइँलाई नमस्कार छ,
तपाइँ सबै प्रकारले विमुक्त हुनुहुन्छ,
म ठूलो विपत्तिमा परेको छु,
त्यसैले तपाइँले मलाई शरणमा लिनुहोस् ॥

तब भगवान् बुद्धले सूर्य देवपुत्रलाई बचाउनका लागि असुरेन्द्र राहुलाई यस गाथाद्वारा भन्नुभयो-

अर्हत् बुद्धको शरणमा सूर्य आएको छ,
हे राहु तिमीले सूर्यलाई छोडि देउ।
बुद्धले सबैलाई अनुकम्पा राख्दछ ॥

जसले कालो अन्धकारमा प्रकाश दिन्छ, चम्किएको, मण्डल भएको, उग्रतेज भएको, आकाशमा चल्ने, त्यसलाई राहुले निल्न नखोज।

राहु ! मेरो छोरो सूर्यलाई छोडि देउ ॥

तब सुरेन्द्र राहुले सूर्य देवपुत्रलाई छोडिदियो। सुरेन्द्र राहु डराई जहाँ वेपचित्ति असुरेन्द्र रहेको थियो, त्यहाँ आयो र संवेगले भरिएको उसको शरीरका रौंहरू ठाडो पार्दै अलग्ग एक स्थानमा उभिन पुगे।

अलग्ग एक स्थानमा उभिएका असुरेन्द्र राहुलाई वेपचित्ति असुरेन्द्रले गाथाद्वारा भन्न थाल्यो-

(तिमी) किन यसरी डराएका छौ ?
(तिमीले) राहुले सूर्यलाई छोड्यौ ?
संवेगले भरिएको तिमी किन यसरी भयभित हुँदै उभिरहेका छौ ?

असुरेन्द्र राहु-

बुद्धको आज्ञा हुँदा हुँदै पनि
यदि मैले सूर्यलाई नछोडेको भए
मेरो शीर सात टुक्रामा विभाजित
हुने थियो।
जन्मभर मलाई कहिले पनि सुख
मिल्ने थिएन होला।

पहिलो भाग समाप्त। ■

# आर्य सत्य

✍ अजय राज शाक्य
दीपंकर परियत्ति शिक्षालय

दुःखमय संसारय् - सुख खनि दईमखु
सुखया लागी जप तप - यज्ञ दान याई
स्वर्ग मोक्षया जालय् - प्राणी मूर्ख जुई
दुःख निवारणया मार्ग मदया - व्यर्थे जन्म नाश जुई
भव सागरय् जुया प्राणी - जाति सुख दईमखु ॥१॥

जन्म दुःख खः बुढा बुढी दुःख, मरण दुःख खः
रोगी जुइगु दुःख - प्रिय बियोग दुःख
अप्रिय संयोग दुःख - इच्छा यानागु मदैगु दुःख
उपादान खः न्यागु स्कन्ध - मूल यथार्थ दुःख खः
रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान - न्यागू दुःख न्ह्याबलें ॥२॥

दुःखया कारण तृष्णा - तृष्णा खः स्वंगू प्रकारया
काम-भव-विभव खः तृष्णा - दुःखया मूल आधार
काम भोग तृष्णाया लागी - ल्वापु जुई थःथिति
गरिब ज्ञानी व मूर्ख - ल्वापु जुया सिई
बौ काय् माँ व दाजुकिया - तताकेहें ल्वापु जुई द्वेष ॥३॥

तृष्णाया परित्याग यायेगु - दुःख निरोध खः
त्वति कल्पनाया विषय भोग - तृष्णा निरोध
तृष्णा नाशया उपादानया - नाश जुईगु खः
उपादानया नाश जुईवं - भव जन्म दईमखु
जन्म, बुढा-बुढी, रोगी, मरण दुःख - मदया मनया क्लेश ॥४॥

दुःख निरोधया केन्द्र - बुद्ध धर्मया सार
दुःख विनाशया मार्ग - दु च्यागू प्रकारया
सम्यक्-दृष्टि-संकल्प - प्रज्ञाया प्रतिक
सम्यक्-वचन-कर्मान्त- आजिविका - शीलया प्रतिक
सम्यक्-व्यायाम-स्मृति-समाधि - समाधिया प्रतिक
थ्व हे च्यागू बुद्ध शिक्षाया - मूल उपदेश ॥५॥



Downloaded from http://www.dhamma.digital

# मानव जीवनया महत्व

✍ **विश्वन्तर शाक्य**, बौद्ध युवा कमिति, यल

भगवान बुद्धं छको भिक्षुपिन्त स:ता: न्यना बिज्यात- थ्व पृथ्वीले च्वंगु धू अपोलाकि थ्व जिगु लुसी च्वंगु धू अपो ? भिक्षुपिंसं लिस: बिल– भन्ते ! छपिनिगु लुसी च्वंगु धू स्वया: थ्व जमीने च्वंगु धू यको हे दु । भगवान बुद्धं धया बिज्यात - गथे थ्व महापृथ्वीले च्वंगु धूया न्ह्योने जिगु लुसी च्वंगु धू ल्याखे हे मदु । अथे हे गुण सम्पन्नम्ह जुया: जन्म काइपिं मनूत लुसी च्वंगु धू थें आपा मदु । बाखँ सफू कथं पुण्यवानपिं जक गुण सम्पन्नम्ह मनू जुया जन्मकाय् खनी । संसारे दुपिं प्राणीपिं मध्ये मनुष्य दकसिबे उत्तम जाति ख: । नय्गु, द्यनेगु, भय व मैथुन थुपिं प्यता खँ मनूयाके दु, पशुयाके नं दु । तर मनूयाके विवेक बुद्धि दु । ज्यू-मज्यू धैगु थुइका काय्फु । मछापह व ग्यापह दु । पशुतय्के थ्व गुण मदु ।

तर दुर्भाग्यया खँ ख: थौं थज्यागु अमूल्यगु मानव जीवनयात मनूतसें लोमंका मखु मखुगु कुकर्म हे जक यानाच्वन । मनुखं मनूयात विनाश यात, दु:ख बिया च्वन । थ:गु स्वार्थया लागी माँ बौयात काय्पिंसं, दाजुं किजायात, किजां दाजुयात, पासां पासायात दु:ख बिया विश्वासघाट याना च्वन । थौं मानवं मानव खना ग्याना च्वन । मानवता, नैतिकता, दया माया धैगु लोमंका च्वन । गुकिं थौंया पारिवारिक जीवन, समाज व सम्पूर्ण विश्व हे ग्यानापुसे दानव समाजथें जुयावल । गनं शान्ति खने मदयावल । थज्यागु अमूल्यगु मानव जीवन नष्ट याना च्वन । तर मनूतेसं अझ नं चा:गु मखु । छाय् धा:सा मानव जीवन अमूल्य व दुर्लभ धका थुइका क्षमता, बुद्धि व विचार फुक्कं हे थ:गु स्वार्थं तोपुया च्वने धुंकल ।

थौंया ग्यानापुसे च्वंगु समाजे सुधार व शान्ति हय्त गौतम बुद्धयागु कल्याण उपदेश व शिक्षा तस्सकं हे मालाच्वंगु दु । त्वादेवाया क्वे मतं मख: धा:थें झी मनूत बुद्धजन्म भूमिसं जुया नं बुद्धया शिक्षायात मखना च्वन । वास्ता मदया च्वन । थ्व झीगु नेपालीतय् लागी तसकं दुर्भाग्यया खँ ख: ।

थौं आपालं धयाथें लूटपाट, बलात्कार, खुया काय्गु, घूस नय्गु आदि पापाचार न्यने माला च्वन । त:धंगु देशं चीधंगु देशयात दबेयाय्त सना च्वन । उत्तमगु मानव जीवनयात कलंकित याना च्वन । थ्व फुक्क जुया च्वंगु मनुष्य जीवनया मूयात लोमंका च्वंगुलिं ख: । मखुपिनिगु संगत गुणं ख: । स्वार्थ भावना ब:लागुलिं ख: ।

यदि धात्थें शान्तगु समाज स्थापना याय्गु ख:सा बुद्धया मैत्री व करूणां जागु शिक्षायात अध्ययन याना थुइका काय् माला च्वंगु दु । सेवाभावं ज्यायाय् माला च्वंगु दु । स्वार्थभावना तोता नैतिकता जीवन हने माला च्वंगु दु । ❖

## उच्च कोटीको मानव चोला

✍ भिक्षु. संघरक्षित, संघाराम

| | |
|---|---|
| आफू गरीब छु भनी बुद्ध-धर्मबाट<br>अलगिएर कहिल्यै तिमी नबस ।<br>दुर्लभ अनि क्षिण छु भनीकन<br>बुद्ध-मार्गबाट टाढा-टाढा नभाग ॥ | हेर! सम्झ!! अनि यथार्थ बुझ<br>मरेर लानु नै के छ र ?<br>महाजन राजा छोडि बस्तु सारा<br>नांगै-एक्लै नगएको नै को छ र ? |
| आउ! हेर!! अनि सुन मित्र<br>बुद्ध-धर्म-संघ जान्नलाई के हो ।<br>चित्त बुझ्दो छ भने तिमीलाई मित्र<br>फेरि-फेरि आउ स्वागत छ तिम्रो ॥ | क्षय हुने यो नश्वर शरीर<br>हुँदैन कहिल्यै एकनासले स्थिर ।<br>बच्चा, जवान अनि बूढा-बूढी भई<br>जानुछ है पुण्यको विमान चढी ॥ |
| बुद्धको गुण अवबोध गरीकन मित्र<br>आचारण लागु गर्दिन नभन ।<br>बुद्ध-धर्मको ज्ञान गहिरीकन भित्र<br>संघको शरणमा जाँदिन नभन ॥ | खायो, पियो, सुत्यो अनि काम गर्‍यो<br>जीउनलाई मात्र संधै संघर्ष रह्यो ।<br>हेर के छ फरक तिमी र पशुमा<br>पशुहरू पनि त ब्यस्तै छ जीउनुमा ॥ |
| सक्छ यदि दान देऊ श्रद्धाले मित्र<br>नसके अरूले दिएबाट आनन्द लेऊ ।<br>मिल्छ शरीरले अनि सक्छ भने मित्र<br>हरदम पञ्चशीलको पालना गरिदेऊ ॥ | सम्झ! उच्चकोटीको मानव चोला<br>होश राखे है मनु! व्यर्थै जाला ।<br>समय छउन्जेल बुद्धको शरणमा जाऔं<br>जीवित रहुन्जेल कुशल कार्य नै गरौं ॥ |



Downloaded from http://www.dhamma.digital

## मैत्री भावना

२०५६ मंसीर १८ गते । यसदिन भिक्षु बोधिज्ञानले मैत्री भावना विषयमा प्रवचन दिनुभयो । उहाँले भन्नुभयो– "मैत्रीको अर्थ सबै प्राणीलाई राम्रो होस्, सुखी होस्, निरोगी होस् भन्ने कामना गर्नु हो । मैत्री चित्तको विपरित अर्थ द्वेष चित्त हो । द्वेष चित्तले हामीलाई दु:ख नै दिनेछ । जसरी अर्कालाई कालो मोसो दल्नको लागि पहिला आफ्नो हातभरि कालो मोसो दल्नुपर्छ, त्यसरी नै अर्कासँग रीस पोख्न पहिला आफ्नो मनमा द्वेष भावना जगाई आफ्नो मन अशान्त पार्नुपर्छ । त्यसैले हामीले द्वेष चित्त होइन मैत्री चित्त उत्पन्न गर्नुपर्छ ।

मैत्री चित्त उत्पन्न गर्ने तरिका–

तल उल्लेखित गरिएका तहहरू टेक्दै, क्रमैसँग मैत्री चित्त राख्नु राम्रो हुनेछ ।

(१) सबभन्दा पहिला आफूलाई मैत्री चित्त राख्ने ।
(२) आफ्ना आमा बुबालाई मैत्री चित्त राख्ने ।
(३) मध्यस्थ व्यक्तिहरूलाई मैत्री चित्त राख्ने ।
(४) आफूलाई मनपर्ने व्यक्तिहरूलाई मैत्री चित्त राख्ने ।
(५) आफूलाई मन नपर्ने व्यक्तिहरूलाई मैत्री चित्त राख्ने ।

यसरी विधिपूर्वक मैत्री भावना गर्न सकेमा मात्र राम्रो फल प्राप्त हुनेछ ।

मैत्री चित्त राख्ने व्यक्तिहरूसँग यी क्षमताहरू हुनुपर्छ–

(१) आफ्ना कुनै कार्यहरू बारे अरूले जान्ला, सुन्ला, थाहा पाउला भनेर डराउने कपटी बानी हटाउन सक्नुपर्छ ।
(२) शहन सक्ने क्षमता हुनुपर्छ ।
(३) चित्त निर्मल हुनुपर्छ ।
(४) अर्काको भनाईलाई पनि सुन्न सक्ने क्षमता सहितको हुनुपर्छ ।
(५) शान्त इन्द्रिय सहितको हुनुपर्छ ।
(६) शिक्षित बन्नुपर्छ ।
(७) आशक्त रहित चित्त हुनुपर्छ ।

**मैत्री चित्त कसरी प्रयोग गर्ने ?**

(१) कसैको वचन कडा हुन्छ, तर उसले शरीरबाट गरिने कार्यहरू राम्रो हुन्छ भने त्यस्तो व्यक्तिलाई उसको शरीरले गरेका राम्रा कार्यहरूलाई सम्झेर मैत्री प्रयोग गर्नुपर्छ ।
(२) जसको शारीरिक कार्यहरू राम्रा छैनन् तर बोली वचन अति प्रिय हुन्छ, तिनीहरूको राम्रो बोलि वचनलाई सम्झेर मैत्री प्रयोग गर्ने ।
(३) जसको शरीरबाट गरिने कार्यहरू र वचनबाट प्रयोग गरिने बोलीवचन दुबै नराम्रा छन् ती व्यक्तिहरूले राम्रा कार्यहरू गरे कति हुने थियो भनी उप्रति स्नेह राखी मैत्री भावना गर्न सक्नुपर्छ ।

मैत्री भावना गर्नको लागि सबै समय उपयुक्त भएतापनि विहान उठ्ने वित्तिकै र सुत्ने समयमा मैत्री भावना गर्नु अझ राम्रो हुनेछ ।

## वैज्ञानिक युगमा धर्मको स्थान

२०५६ मंसीर २५ गते । यसदिन श्री सोभियत रत्न तुलाधरज्यूले "वैज्ञानिक युगमा धर्मको स्थान" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो– "समाजको विकासको साथसाथै नयाँ नयाँ उपायहरूलाई पनि आफूले श्रृजना गरी यसबाट काम लिने बानी बसेपछि विज्ञान र धर्मको विकास हुन सक्नेछ ।

जन्म भएदेखि अथवा विचार गर्ने शक्ति भएदेखि दु:ख र सन्तापहरू भइनै रहनेछन् । सुख र दु:खको उत्पत्ति कसरी भए ? मानिस कहाँबाट आए ? कहाँ गए ? पूर्व जन्म छ छैन ? समाजको स्थिति कहाँबाट आए ? आदि विषयमा विज्ञान र धर्म दुबै लागिरहेका छन् ।

सुख दु:ख कसरी उत्पन्न हुन्छन् भन्ने विषयको पत्ता लगाउनका लागि मानिसहरूले जीव निर्जिव सबैलाई देवता मानी धर्मको श्रृष्टी गऱ्यो । तर यो भन्दा २५०० वर्ष पहिले भगवान् बुद्धले अर्कै तरिकाले धर्मको विषयमा बताउनुभएको छ । उहाँको उपदेश अनुसार कुनैपनि चीज स्थायी हुँदैन । कुनै पनि वस्तु उत्पत्ति



Downloaded from http://www.dhamma.digital

विनाशको धारमा चल्दै नाश हुँदै जान्छ । यस विषयलाई विज्ञानले भरखर पत्ता लगाएको छ । आफ्नो समस्या आफूले मात्र समाधान गर्न सकिन्छ बाहेक अरूले समाधान गर्न सक्दैन । त्यसैले बुद्ध धर्म वैज्ञानिक धर्म हो । बुद्ध धर्मलाई वैज्ञानिक अल्वर्ट आइन्स्टाइनले यसरी भनेका छन्– "Scientific Religions best on Buddhism'"

विज्ञानले हामीलाई, टि.भि., हवाईजहाज, औषधि, इन्टरनेट, कम्प्यूटर आदिको आविष्कार गरिदिएको छ । यसले विभिन्न समस्याहरू समाधान गर्न सजिलो भएका छन् । तैपनि नियन्त्रणकोरूपमा धर्म हरेक क्षेत्रमा नभई हुँदैन । उदाहरणको लागि विज्ञानको देनको रूपमा हाम्रो अगाडि मोटर छ । त्यही मोटरलाई लापरवाही रूपले चलाउन नदिन अर्थात् खराब मार्गहरूमा जान नदिनका लागि ब्रेक लगाउन आवश्यक हुन्छ । त्यसरी नै विज्ञानलाई ठीक मार्गमा अगाडि बढाउनका लागि हामीलाई धर्मको आवश्यकता हुन्छ ।

जति जति विज्ञान चरम सीमामा पुग्दछ त्यति नै धर्मको आवश्यकता हुनेछ । विज्ञानले हामीलाई धर्मले दिन सक्ने जति देन दिन सक्दैन । बिज्ञानलाई ठीक तरीकाले उपयोग गर्नका लागि धर्म नभई हुँदैन ।

वैज्ञानिक युगमा धर्म पनि वैज्ञानिक हुनैपर्छ । बुद्धको शिक्षा विना विश्व शान्ति हुन सक्दैन ।

यसदिन सुश्री तारा डंगोलले कक्षा संचालन गर्नुभएको थियो ।

## नयाँ वर्ष कसरी मान्ने ?

२०५६ पौष १७ गते । यसदिन श्री वरदेश मानन्धरज्यूले "नयाँ वर्ष कसरी मान्ने ? भन्ने विषयमा छलफल गर्नुहुँदै भन्नुभयो- "हामीले प्रत्येक दिनलाई नयाँ वर्षको रूपमा लिन उपयुक्त हुनेछ । नयाँ वर्ष मनाउँदा आफ्नो खराब आचरणहरूमा परिवर्तन ल्याउने (खराब कार्यहरू नगर्ने, अरूलाई अहित हुने कार्य नगर्ने र असल कार्यका लागि उठ्ने उत्साह र उमंगलाई ताजा राख्ने, अल्सी नमान्ने, दिक्क नमान्ने, हैरानी नहुने गर्नुपर्छ ।

प्रत्येक नयाँ वर्षमा हाँक (Challange) दिने खालका महत्त्वपूर्ण कार्यहरूको थालनी गर्नुपर्छ । हरेक सामुहिक कार्यहरूको शुरूवात व्यक्ति व्यक्तिहरू मिलेर सम्पन्न हुनेछ । त्यसैले हामीले आफ्नो जीवनमा कसरी फाइदा गर्ने, कसरी निपुणता ल्याउने भन्ने विषयमा आफू सक्षम भई अरूलाई पनि यस क्षेत्रमा सफलता हासिल गराउन सिकाउने । यसरी सिकाउँदा सिकाउँदै विचार मिल्ने व्यक्तिहरूको एक समूह तयार हुनेछ । यस्तो सामुहिक कार्य शक्तिशाली हुनेछ ।"

भगवान् बुद्धले बारंबार भन्नुहुन्छ– "भिक्षुहरूले दुई कर्त्तव्यहरू मध्ये एक कर्त्तव्य पूरा गर्न अनिवार्य छ । ती हुन्- (१) बुद्ध शिक्षा अध्ययन गरी यसको प्रचार प्रसार गर्ने (२) ध्यान भावनामा लागी आफ्नो चित्तलाई निर्मल बनाउने ।

यसदिन सुश्री तारा डंगोलले "आफ्नो जीवनमा अध्ययन गोष्ठीको देन" विषयमा आफ्नो अनुभव बताउनु हुँदै अध्ययन गोष्ठीबाट आफूले प्राप्त गरेका फाइदाहरू र धर्म प्रचारको क्रममा गाउँ गाउँमा गई धर्म प्रचार गरेको आफ्नो अनुभव बताउनु भयो । त्यसरी नै नरेन्द्र तुलाधरले धर्मकीर्ति विहारका कार्यक्रमहरू राम्रो रहेको कुरा बताउनु हुँदै भन्नुभयो– "आफूले सिकेका शिक्षाहरू अरूलाई पनि बताउनु पर्छ, आफूले सिकेका शिक्षाहरूलाई आफ्नो जीवनमा प्रयोग गर्न नसकेमा आफ्नो जीवन सार्थक बन्न सक्दैन । समयले कसैलाई पर्खंदैन ।" सुदूर पश्चिमाञ्चल भ्रमणको अनुभव बतानुहुँदै उहाँले भन्नुभयो– "सुदूर पश्चिमाञ्चलमा करीब १०, १२% जनतालाई मात्र खान पुग्दछ । त्यसैले देशको विकास हुन गरीब जनताहरूको जीवनस्तर विकास गर्न अत्यावश्यक छ ।

अन्त्यमा बरदेश मानन्धरले हामीले आफूमा लुकिराखेका प्रतिभाहरूलाई प्रस्फुटन गरी आफ्नो जीवनलाई सफल पार्न सक्नुपर्छ भन्नुहुँदै सबैलाई नयाँ वर्षको शुभकामना दिनुभयो ।

यसदिन ध्रुव स्थापितले कार्यक्रम संचालन गर्नुभएको थियो ।


Downloaded from http://www.dhamma.digital

## एकदिने बौद्ध जागरण शिविर

२०५६ माघ ८ गते । ल.पु. ठेचो स्थित बेलुवन विहारमा मगर र नेवार महिला पुरुष गरी ५० जवान व्यक्तिहरूलाई बौद्ध जागरण प्रशिक्षण दिने कार्यक्रम सम्पन्न भएको समाचार छ । प्रशिक्षण कार्यक्रममा प्रशिक्षकको रूपमा भाग लिनुहुने महानुभावहरूको नामावली यस प्रकार रहेको छ– भिक्षु अश्वघोष महास्थविर, एम एस थापा, हर्ष मुनि शाक्य र सुरेन्द्र शाक्य आदि ।

## दीघनिकाय पुस्तक विमोचन

२०५६ माघ ९ गते । सुत्त पिटकको प्रमुख ग्रन्थ दीघनिकायलाई श्री दुण्ड बहादुर बज्राचार्यले नेपाली भाषामा अनुवाद गर्नुभई अमूल्य ग्रन्थको रूपमा प्रकाशित गर्नुभएको छ । सोही पुस्तक युवा खेलकूद तथा सँस्कृति मन्त्री शरदसिंह भण्डारीज्यूले एक भव्य समारोह बिच विमोचन गर्नुभएको समाचार प्राप्त भएको छ ।

संघनायक भिक्षु अनिरूद्धको सभापतित्त्वमा सम्पन्न भएको उक्त समारोहमा देश विदेशबाट पठाइएका सन्देशहरू पनि सुनाइएका थिए ।

पुस्तक सम्बन्धी समालोचना र महत्त्वबारे आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै भिक्षु सुदर्शनले भन्नुभयो– "आजसम्म नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले पाली भाषाको पुस्तकलाई नेपाली भाषामा अनुवाद गरेर एउटा पुस्तक पनि प्रकाशित नगर्नु दु:खको कुरो हो । त्यसैले नेपाल बुद्धको जन्मभूमी हो भन्नु पनि लाजलाग्दो भएको छ ।" धर्मोदय सभाका अध्यक्ष श्री लोकदर्शन बज्राचार्यज्यूले श्री दुण्ड बहादुर बज्राचार्यज्यूलाई दोसल्ला ओढाई सम्मान गर्नु भएको उक्त समारोहमा डा. केशव शाक्यले दीघनिकाय अन्तर्गत कूटदन्त सूत्रको परिचय दिनुहुँदै भन्नुभयो- "यस सूत्रमा गरीबी निवारण, भ्रष्टाचार र आतंकवादको निवारण बारे उपायहरू उल्लेख गरिएका छन् ।" यसरी नै श्री सुवर्ण शाक्यले भन्नुभयो– "दीघनिकाय पढ्दाखेरि बुद्ध शिक्षा केवल बुद्ध धर्मको लागि मात्र होइन मानिसको स्वावलम्बीको लागि पनि हो भन्ने कुरा बुझिएको छ ।" यसरी नै उक्त समारोहमा श्री केदार शाक्यले पनि पुस्तकको उपयोगीता बारे आफ्नो मन्तब्य प्रकट गर्नुभएको थियो ।

मन्त्री श्री शरदसिंह भण्डारीज्यूको मन्तव्य पछि सभापति संघनायक भिक्षु अनिरूद्ध महास्थविरले सभा विर्सजन गर्नुभएको उक्त समारोहमा पवित्र बहादुर बज्राचार्यले स्वागत भाषण र पुस्तकका अनुवादक श्री दुण्ड बहादुर बज्राचार्यले पनि आफ्नो मन्तव्य प्रकट गर्नुभएको थियो ।

## गुम्बा उद्घाटन

२०५६ माघ ६ गते । खैरनीबाट २२ कि.मि. पूर्व रानीपोखरी गा.वि.स. वडा नं. ५ आरी चौतारी झिरिवास डाँडामा नवनिर्मित थर्पा ङिछ्योलिङ गुम्बामा विधिपूर्वक बुद्ध मूर्ति स्थापना गरी भिक्षु अश्वघोष महास्थविरले उद्घाटन गर्नुभएको समाचार प्राप्त भएको छ ।

तत्पश्चात् विलबहादुर गुरूङको सभापतित्त्वमा एक समारोह सम्पन्न भएको थियो । उक्त अवसरमा कतिपय वडा अध्यक्ष र जिल्ला सभापतिहरूले आ-आफ्नो मन्तब्य व्यक्त गर्नुहुँदै आजको विकृति र भ्रष्टाचारयुक्त समाजको समस्या बुद्धको शिक्षाबाट समाधान गर्न सकिने कुरा प्रकट गर्नुभयो ।

धर्मोदय सभाका उपाध्यक्ष इन्द्रबहादुर गुरूङ्गले बोल्नुहुँदै भन्नुभयो– "यस इलाकामा यो पहिलो बौद्ध गुम्बाको प्रतिस्थापना भएको हो । हामी गुरूङ्गहरू बौद्ध भएकोले हामीमा बुद्ध बारे जानकारी हुनुपऱ्यो ।"

भूतपूर्व डी.एस.पी. गंजसिंह गुरूङले पञ्चशीलको ब्याख्या गर्नुहुँदै पञ्चशीललाई कडाईका साथ पालना गर्नुपर्ने विषयमा जोड दिनुभयो । मासु खानै नहुने, रक्सी पिउनै नहुने र चुरोट सेवन गर्नै नहुने आदि नियमहरूलाई कडासाथ पालन गर्नैपर्ने विषयमा श्री गुरूङ्गले जोड दिनुहुँदा उहाँको यस विचारधारालाई



Downloaded from http://www.dhamma.digital

मनन गर्ने हो भने बुद्ध शिक्षा पालन गर्न कठिन हुने विषयमा विभिन्न व्यक्तिहरूले चर्चा गर्न थालेका थिए।

प्रमुख अतिथिको आसनबाट भिक्षु अश्वघोष महास्थविरले भन्नुभयो– बुद्धको उपदेश मानिसलाई गुणसम्पन्न र सच्चा नागरिक बनाउनका लागि नभई नहुने हो। धर्म भनेको मूर्ति पूजामा मात्र सीमित रहँदैन, परस्पर सेवाभाव राखी सेवा गर्ने बानीलाई पनि धर्म भनिन्छ। मन शुद्ध गरी अरूको सेवा गरे दीर्घायु हुन सकिन्छ।"

### प्रमाणपत्र वितरण

२०५६ माघ ९ गते। यसदिन भक्तपुरमा ज्ञानमाला महासंघको तृतीय राष्ट्रिय सम्मेलन (पौष २३, २४ र २५ गते) तीन दिनसम्म भव्यरूपमा सम्पन्न भएकोले उक्त सम्मेलनको लागि आवश्यक साँस्कृतिक कार्यक्रम बनाई सहयोग दिने सहयोगीहरूलाई भक्तपुर ज्ञानमालाको तर्फबाट प्रमाणपत्र र पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरिएको थियो। यसको साथसाथै कार्यक्रममा सहभागी हुने सबै महानुभावहरूलाई जलपानको राम्रो व्यवस्था पनि गरिएको थियो।

शान्तरत्न शाक्यको सभापतित्त्वमा सम्पन्न भएको उक्त समारोहमा प्रमुख अतिथी धर्मानुशासक भिक्षु अश्वघोष महास्थविरले प्रमाणपत्र वितरण गर्नुको साथै मन्तव्य दिनुभएको थियो। उक्त सभामा मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो– प्रा. सुवर्ण शाक्य, रत्नसुन्दर शाक्य, पद्मसुन्दर शाक्य, तीर्थराज बज्राचार्य आदि। पुष्परत्न शाक्यले स्वागत भाषण गर्नुभएको उक्त समारोहमा रामकृष्ण वैद्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो। त्यस्तै उक्त सभामा पद्मतारा बज्राचार्यले उद्घोषण गर्नुभएको थियो।

उक्त सम्मेलनमा सहभागी भएका कतिपय वक्ताहरूले ज्ञानमाला राष्ट्रिय सम्मेलनको उपलब्धि र कमजोरीहरू विषयमा औंल्याएका थिए, जुन पछिको लागि ज्ञान लाभको विषय बन्न पुगेको छ।

## चेतना

✍ **सरोजमान उदास**, पोखरा

शीलको पालन धर्म धारण
विनाको कोरा शास्त्री।
गिद्ध आकास उदे पनि
आँखा सिनु माथि॥

राजनीति फोहरी खेला
हुन्छ फोहर नाली।
धर्म गंगा निर्मल आकास
हुन्छ शक्तिशाली॥

बुझ्दै नबुझी मान्दछ जसले
हुन्छ त्यो नास्तिक।
बुझेर आस्था गर्दछ जसले
हुन्छ त्यो आस्तिक॥

गर्छन् कोही धन अभिमान
कोही पदको शान।
आखिर बन्दछ अन्त्य घडीमा
राजा रंक समान॥

भौतिक शान्ति हुन्छ क्षणिक
आत्मिक चिरस्थाई।
हुन्न खोजि बाहिर यसलाई
खोजौं भित्रै धाई॥

जन्म हाम्रो हुन्छ शुद्र
मरौं भई ब्राह्मण।
धर्म रथमा कर्म पथमा
जाउँ त्रि-शरण॥



Downloaded from http://www.dhamma.digital

बुद्ध धर्म कविता - ८

# दश अकुशल कर्म

✍ दोलेन्द्ररत्न शाक्य, चाकुपाट, यल ।

आफ्नो बस्तु चोरेको मन पर्दैन तर चोरी गर्दछौं,
आफूलाई मारेको मन पर्दैन तर अरूलाई मार्छौं,
आफ्नोमा घटेको मन पर्दैन तर व्यभिचार गर्दछौं,
यी हुन् तीन अकुशल कर्म हुन् ती सान्है भयानक ।

अरूलाई गाली गर्छौं प्रहार गरी क्षुद्र कड़ा वचन,
झूठा कुरा गरी गरी अशान्त पार्छौं अरूको जीवन,
जीवन अरूको विषाक्त पार्छौं चुक्ली लगाई अनेकन,
गफै मात्र हाँक्छौ खाली समय नष्ट गर्ने प्रकरण,
यी हुन् चार अकुशल कर्म, हुन ती सान्है भयानक ।

लोभ चित्त उत्पन्न गरी, मनलाई पार्छौं प्रदुषित,
द्वेष र घृणा भाव जगाई, मनलाई पार्छौं कुँठित,
मिथ्या दृष्टि मनमा पाली, गर्छौं आफूलाई पथभ्रष्ट,
यी हुन् तीन अकुशल कर्म, हुन् ती सान्है भयानक ।

वचनले गर्ने चार कर्म र शरीरले गर्ने तीन,
जम्मा भयो दश अकुशल मनले गर्ने समेत तीन,
ती अकुशल देखि बसौं टाढा, नगरौं है भुलेर पनि,
संझी विपाक भोग्नु पर्ने डर, सान्है सान्है भयानक ।

बुद्ध धर्म चिनाखँ - ३२

# धर्म व संस्कृतिया भेद

धर्म न संस्कृति खः, न संस्कृति हे धर्म खः,
गथे न्या ब्यां मखु, न ब्यांयात न्या धाय् ज्यु ।
भ्रम खः संस्कृतियात धर्म धका कय्च्याय्गु,
भ्रम खः धर्मयात संस्कृतिया संज्ञा बिय्गु ।

धर्म खः भवदुःखं पार याना बिइगु छगू मार्ग,
संस्कृति खः थःत परिचित याकिगु छगू सर्ग ।
संस्कृति-थाय्, ई व जाति कथं हिला वनेफु,
धर्म छुं नं बन्धनय् अनुबन्धित जुई मखु ।

संस्कृति माः थःत न्ह्यब्वय्गु दसि-पौ कथं,
धर्म माः थःत दुःखं मुक्त याइगु लँपु कथं ।
धर्म धाधां संस्कृति ज्वनाः, अधर्म याय्गु त्वतेमाः,
संस्कृतिलय् धर्म पानाः, धर्मया मू त्वमफीमाः ।

धर्म साम्प्रदायिक जुयाः जाति सापेक्ष जुइमज्यू
संस्कृति न्ह्याबलें थी थी जातिया ब्वसा जक जुइ स्यू ।
संस्कृति कर्मकाण्ड व वर्ग विशेषया निधि खः ।
तर धर्म धाःसा चीर शान्ति बीगु छगू विधि खः ।

**नैतिक शिक्षा प्रशिक्षण जागरण शिविर**

२०५६ माघ १५ गते, स्थान- ध्यानकुटी विहार, बनेपा । ध्यानकुटी संरक्षण समितिको आयोजनामा बनेपाका ५ वटा माध्यमिक बिद्यालयका छात्रछात्राहरू मध्ये ५०,६० जवान बिद्यार्थीहरूलाई नैतिक शिक्षा सम्बन्धी १ दिने प्रशिक्षण शिविर सम्पन्न गरिएको छ । उक्त प्रशिक्षण शिविरका प्रशिक्षकहरू यसरी रहेको छ–

भिक्षु अश्वघोष, भिक्षु कौण्डञ्ञ, भिक्षु विशुद्धानन्द र सुरेन्द्र शाक्य आदि ।

बनेपा नगरपालिकाले उक्त प्रशिक्षण शिविरमा भाग लिने बिद्यार्थीहरू र अन्य सहभागीहरूलाई चियापानको लागि आवश्यक खर्च ब्यहोर्नु भएको थियो ।

**शाक्यधीता छैंठौं अन्तर्राष्ट्रिय महिला सम्मेलन**

माघ १७-२४ सम्म । लुम्बिनी स्थित अन्तर्राष्ट्रिय भिक्षुणी गौतमी विहारमा शाक्यधीता (बुद्ध पुत्रीहरू) छैंठौं अन्तर्राष्ट्रिय महिला सम्मेलन सम्पन्न भएको छ । युवा तथा खेलकूद मन्त्री शरद सिंह भण्डारीज्यूको प्रमुख आतिथ्यमा संचालित उक्त सम्मेलनको उद्घाटन प्रमुख अतिथिज्यूले गर्नुभएको थियो ।

नोट : उक्त सम्मेलनको विस्तृत विवरण पत्रिकाको अर्को अंकमा प्रकाशन गरिनेछ ।


Downloaded from http://www.dhamma.digital

## नयाँ प्रकाशन

**दीघ निकाय,** पृष्ठ ६५६

अनुवादक तथा सम्पादक - दुण्ड बहादुर बज्राचार्य

प्रकाशक - पवित्र बहादुर बज्राचार्य, हिरादेवी बज्राचार्य, अशोकरत्न वज्राचार्य

वीरपूर्ण पुस्तकालय संग्रहालय गाबहाल, ललितपुर १८ नेपाल

मूल्य न्यूनतम - रू. २५०/-

दीघनिकाय बुद्धकालीन सँस्कृति, धार्मिक र साम्प्रदायिक विचारधाराले भरिएको छ । बुद्धका प्रमुख अनुयायी भिक्षुहरू पनि ब्राह्मण नै हुन् भने उहाँको विरोधीहरू पनि ब्राह्मण नै हुन् । तर जे होस्, समाजमा शान्ति स्थापनार्थ बुद्धले दिनु भएको शिक्षालाई दीघनिकायमा समावेश गरिएको पाइएको छ । आजको समाजमा भ्रष्टाचार, बलात्कार, आतंकवाद, चोरी र डकैतिले गर्दा अशान्ति मच्चिरहेको छ । यसमा कूटदन्त सूत्रको उल्लेख भएको छ । यसलाई अध्ययन गर्दा थाहा पाइन्छ, त्यस समयमा पनि ब्राह्मण पुरोहितहरूले आफ्नो स्वार्थ पूर्ति गर्नका लागि यज्ञ होमको आयोजना गरी शान्ति कामना गर्दथे । यो प्रथा हालसम्म पनि प्रचलित नै देखिन्छन् । तर बुद्धको विचारधारा अनुसार शान्ति स्थापना गर्नको लागि यज्ञ होम र दण्ड विधानले मद्दत गर्ने होइन । शान्ति स्थापना गर्नको लागि राज्य व्यवस्था राम्रो हुनु आवश्यक छ । दण्डविधानले त झन आतंक बढाउँदछ । त्यसैले समाजमा, देशमा शान्ति कायम गर्नका लागि गरीब किसानहरूलाई भूमी वितरण र खेती कार्यको लागि बीऊ र साधन उपलब्ध गराईनु पर्दछ ।

यसरी नै व्यापार गर्न चाहने व्यक्तिलाई आवश्यक पूंजीको व्यवस्था गरिदिने र जागिरदारलाई भत्ता सहित तलब र स्वास्थ्य उपचारको व्यवस्था मिलाइदिने गर्नु पर्दछ ।

सिगालोवाद सूत्र अनुसार एक मालिकले आफ्नो नोकर (मजदूर) लाई तलब भत्ता सहित स्वास्थ्य उपचार, आवश्यक बिदाको सहुलियत आदिको व्यवस्था मिलाउनु पर्दछ । यसरी नै (मजदूर) नोकरले पनि आफ्नो मालिकप्रति आवश्यक कर्त्तव्य श्रद्धापूर्वक निभाउनु पर्ने कुराहरूको पनि उल्लेख गरिएको पाइन्छ ।

शुरूमा समतामूलक समाज थियो । अग्गञ्ञ सूत्रमा समाजको निर्माण कसरी भयो, समाजमा कसरी चोरी प्रथाको सुरुवात भयो अर्थात् गरीबिको कारणले अपराध शुरु भएको, जमीन्दार र त:सिं प्रथाको शुरुवात, राजा पैतृक सम्पत्तिबाट होइन जनताबाट चुनिने प्रथा आदिबारे उल्लेख भएको पाइन्छ ।

दुण्ड बहादुर बज्राचार्य एक गृहस्थ हुनुहुन्छ । तै पनि भिक्षुहरूले गर्नु पर्ने काम आफैले गर्नुभयो आफ्नै परिवारले प्रकाशन गराएर एउटा नौलो अपूर्व काम गर्नु भयो । वहाँ धन्यवादको पात्र मात्र नभै सन्हानीय व्यक्ति हुनुहुन्छ ।

- मेघदूत

## नयाँ प्रकाशन

**बुद्ध र उहाँको धर्म;** पृष्ठ ९५

लेखक - बासुदेव देशार-चापागाउँ

प्रकाशक - दुर्गादास रंजित, टेकु मचली, काठमाडौं

नि:शुल्क वितरण ।

यस पुस्तकका लेखक बौद्ध परियत्ति शिक्षाबाट प्रेरणा प्राप्त भरखरको युवक बिद्यार्थी हुन् ।

विषय नयाँ वा पुरानो जस्तो लागेपनि लेखकको विचारधारा भने नयाँ र मनन योग्य छ । पुस्तक आकारमा सानो भएतापनि यसमा विभिन्न ज्ञानहरू समावेश भएका छन् । समानता र मानवतावाद, पूजा के हो ? बुद्ध मार्गप्रदर्शक हुनुहुन्छ, शिक्षा एक अपरिहार्य कुरा हो, यी लेखहरू पढ्न लायक छ ।

- मेघदूत

## बुद्धोपदेश

लेखक - भिक्षु संघरक्षित

प्रकाशक - संघारामका उपासिकाहरू

पृष्ठ - ९५ (नि:शुल्क वितरण)

भिक्षु संघरक्षित भरखरको केटो भएपनि बुद्धि भने तेजिलो छ उसको । जति पनि लेख लेखेको छ ती सबै आफ्नै ढंगको देखें । नैतिक शिक्षाको रूपमा लेखिएको हुँदा यस पुस्तक धेरैजसोलाई काम लाग्दो र शिक्षाप्रद हुनेछ । पुस्तकको कभर जिल्ला रंगिन भएकोले पुस्तक अझ आकर्षित देखिएको छ ।

भिक्षु संघरक्षित संघाराममा फुलेका विभिन्न फूलहरू मध्ये एक हो ।

- मेघदूत



Downloaded from http://www.dhamma.digital

## भगवान शरण

लेखक - भिक्षु विपस्सी, थाइल्याण्ड, नेपाली ।
प्रकाशक - नगर मण्डप श्रीकीर्ति विहार, काठमाण्डौं
पृष्ठ - १२०५, मूल्य रू १००/-

भिक्षु विपस्सी भक्तपुरमा जन्मेका व्यक्ति हुन् । लेखक कस्तो रहेछ भन्ने कुरो पुस्तक पढेर नै बुझ्न सकिन्छ । यसमा नेपालभाषा र नेपाली दुबै भाषाका लेखहरू मिसिएका छन् । यसमा नेपालभाषा प्रेमीले पनि चित्त बुझाउन सकिने लेखहरू छन् । त्यति मात्र होइन अंग्रेजी भाषाका लेखहरू समेत समावेश भएका छन् । धेरैजसो लेखहरू अन्वेषणात्मक देखिन्छन् । धेरै विषयको लेख समावेश भएकोले पुस्तक उपयोगी छ । अझ पृष्ठ कभरमा बुद्धलाई नमस्कार गरिरहेको एक सानो भिक्षु अंकित भएकोले पुस्तक आकर्षक देखिएको छ ।

- मेघदूत

## न्हूगु सफू

**दीघनिकाय व मज्झिम निकाय**

च्वमी - भिक्षु कोण्डञ्ञ, संघाराम
पृष्ठ डिजाइन साइज १६८
प्रकाशक - ज्ञानज्योती, लक्ष्मीप्रभा कंसाकार
सिर्त्ति इनाबीगु-

दीघनिकाय व मज्झिम निकाय सफूत प्यस: न्यास: पाना दुगु त:धंगु आकारया सफूत ख: । लिमला:पिं मनूतसें क्वचायक ब्वनेत इलं मला: । उकें संघारामया छफो स्वाँ भिक्षु कोण्डञ्ञं निगू त:त:धंगु सफूयात चीहाक: याना: थ:गु हे पहलं थ:गु हे भाषं च्वयात:गु सफू ख: । शायद भिक्षु कोण्डञ्ञया थ्व न्हापांगु कुत: ज्वीमा: सफू बाँला: जू ।

मज्झिम निकायया बारे च्वयात:गु बिषय ब्वनेबले पाठकवर्गतय्त भ्रम ज्वीफुगु सूत्रत निपू स्वपु दु-

देवदह सूत्र, चूलकम्म विभंग सूत्र, चूलमालुंक्य सूत्र आदि । थुपिं स्वपु सूत्रय् पूर्वजन्मया कर्म मदु व पूर्वजन्मया फल दु धैगु खँ दुथ्या: । उकें थुपिं सूत्रत ब्वनेबले गाक्कं बिचा: याना: ब्वनेमा:गु सूत्रत ख: । जित: दकसिबे योगु सूत्र चूलगोसिंग सूत्र ख: । छायधा:सा भिक्षु अनुरुद्ध, भिक्षु किम्बिल व भिक्षु नन्दिय स्वम्ह धर्म प्रचार यायृत गामे वना: थ:थ:गु आचरण बाँलाका: मामा:गु तक ज्या थथ:पिसं याना: बाँलागु अभ्यास यानाच्वन । आध्यात्मिक उन्नति यानाच्वन । थुकथं इमिसं मनंखना: ज्या याय्स:गु भिंगु आचरणयात मेपिसं नं अनुकरण यानाका:गु उन्नतिया खँ दु । तर थुगु सफुती चीहाक: याना: च्वयात:गुलिं फुक्कं खँ दुमथ्या: ।

मेगु बाँला:गु खँ - चूल राहुलोवाद सूत्र ख: । बुद्धं राहुल कुमारयात जंगले उपदेश याना बिज्यात - मखुगु खँ ल्हाइम्ह भिक्षुया जीवन फुसुलुगु ख: । सीक सीकं वा मसीकं नं मखुगु खँ ल्हाय् मज्यू । थ्व खँ न्यना: थ:त हे न्वागु भालपा राहुल कुमार ज्ञानी जुया: अरहन्त जुल । थ:थम्हं गल्ती महशूस याय् फुसा तिनि मनू ज्ञानी जू धयागु खँ थ्व सूत्रं क्यनाच्वंगु दु ।

- मेघदूत

## बौद्ध युवा कमिटीपाखें बुद्धशिक्षा प्रचार

२०५६ माघ ७ गते मिलापुन्ही । बौद्ध युवा कमिटी झत्तापोल यलया ग्वसालय् लय्लय् पत्तिकं न्ह्याका: वयाच्वंगु धर्मदेशना ज्याझ्व ११ गू पटकया ज्याझ्व: लोककिर्ति महाविहार नकवहीली सम्पन्न जुल । भिक्षु कोलितपाखें शील प्रार्थना याकुसे न्ह्याकूगु उगु ज्याझ्वले धर्मदेशना याना बिज्यासे भन्तेनं धया बिज्यात "जीवन ता:लाका न्ह्यइपुइक याउँक, झ:झमझ धायेक हनेत भिंगु खँ न्यनेमा । भिंगु खँ सय्केत सिकेत बाँलापि भिंपिं व्यक्तिपिनिगु संगत आवश्यक जुइगु जुया । ज्ञानी गुणीपिंनाप सत्तसंगत यायेमा । इमिगुपाखें सयेका तयागु ज्ञान थ:गु उन्नतिया लागी जुइ । अहित जुइमखु । अथे जुया मूर्खपिं नाप संगत मयासे सज्जनपिंनाप सतसंगत याना सयेका कयागु ज्ञान थ:गु दैनिक आचरण व्यवहारे छ्यला नैतिक गुण दयेका निष्कलंक जीवन हनेगु कुत: यायेमा धका बुद्धकालीन घटना हया ध्वाथुइका बिज्यात । अनंलि टोल सुधार समिति नकवहीया उपाध्यक्ष धर्मरत्न शाक्यपाखें थ:गु नुग: खँ कनेगु इवले 'थज्यागु ज्याखँयात निरन्तरता बिया वना समाजे मैत्री व परस्पर सद्भावया वातावरण कायेम यायेगुलि तिब जुइगु खँ कनादिल । व: धुंका कमिटीया सचिव विश्वन्तर शाक्यपाखें सुभाय् देछासे आ: वइगु पुन्ही सिलापुन्ही खुन्हु नागवहाले यायेगु खँ कनादिल । अन्तय् पुण्यानुमोदन यासे ज्याझ्व क्वचा:यकुगु जुल । सुभाय् ।

Downloaded from http://www.dhamma.digital

## छलफल

# पंचशील प्रार्थना

जाडोको मौसम भएपनि अल्छी नमानीकन ठीक समयमा नै सदस्यहरू उपस्थित हुन सक्नु खुसी लाग्दो कुरो हो । हाम्रो नेपालमा धेरैजसो कार्यक्रम तोकेको समय भन्दा १ घण्टा पछि शुरू हुने चलन चल्ती नै बसिसकेको छ । धेरैजसो मन्त्रीज्यूहरू सहभागी हुने समारोहमा त झन १ घण्टा भन्दा बढी समय पछि मात्र समारोह शुरू हुने गर्दछ । विदेशीहरू भने तोकिएको समयमा नै उपस्थित भई धेरै समयसम्म कुरिरहनु परेकोले बेमज्जा मानी उनीहरूलाई उकुस मुकुस नै हुने गरेको देखिन्छ। उनीहरूलाई के थाहा ? नेपाली समयमा मात्र कार्यक्रम शुरू हुन्छ भन्ने कुरो ? खोई यो "नेपाली टाइम" को संस्कार कहिले मात्र सुधिने हो ?"

तर खुशीको कुरो हो हाम्रो छलफल कार्यक्रम त धेरैजसो ठीक समयमा नै शुरू भैरहेको छ । यसले "नेपाली टाइम" को अनुकरण गरेको छैन।

एकजना नौलो सदस्यले आफ्नो परिचय दिनुहुँदै भन्नुभयो– "म स्याङ्जाबाट आएको एक गुरुङ्ग हुँ। धेरैजसो गुरुङ्गहरूले आफूलाई हिन्दू भन्ने ठानी उनीहरूको संस्कार र कर्म हिन्दूहरूको चलन अनुसार नै सम्पन्न गर्ने गर्छन् । बौद्ध भिक्षुहरूको तर्फबाट प्रचार भइरहेको धर्मदेशना र पुस्तकहरू पढ्न पाउँदा हाम्रो चेतना जागेर आएको छ। अन्य धर्महरू मध्ये शुद्ध धर्म त बुद्ध धर्म नै जस्तो लाग्यो हामीलाई त। यसले गर्दा हामी गुरुङ्गहरूमा बौद्ध जागरण र चेतना जागेर आएको छ । धेरैजसो गुरुङ्गहरूले महशूस गरिसकेका छन्– गुरुङ्गहरू बौद्ध हुन्। तर महशूस मात्र गरेर धार्मिक बन्न सकिने होइन । यसको लागि त आ-आफ्नो आचरणहरूमा पनि सुधार ल्याउन सक्नु परेको छ । आचरण सुधार्नको लागि पहिले अध्ययन गर्न आवश्यकता छ। तर अध्ययन गर्नको लागि प्रयाप्त मात्रामा बुद्ध शिक्षा सहितका पुस्तकहरूको कमी देखिएको छ। त्यति मात्र होइन चाहिंदो मात्रामा बुद्ध शिक्षा प्रचार कार्यक्रमहरू पनि बढाउनु परेको छ। हाम्रो स्यांग्जाका रुद्रमान गुरुङ्गजी हुनुहुन्छ, उहाँले समय समयमा बुद्धको शिक्षा प्रचार गर्दै हुनुहुन्छ । तर एउटा गुनासो के भने उहाँले पंचशील पालन गर्न खूब जोड दिनु हुन्छ । पंचशील मध्ये प्राणी हिंसा नगर्नु, चोरी नगर्नु बलात्कार नगर्नु र व्यभिचार नगर्नु, झूठो कुरो नगर्नु, अमल पदार्थ सेवन नगर्नु र चुरोट समेत सेवन नगर्नु भन्ने विषयहरूको प्रचार भैरहेका छन् । यसले गर्दा मानिसहरूलाई पंचशील पालन गर्न ज्यादै अप्ठ्यारो महशूस भैरहेको देखिन्छ। कसैले भन्ने गरेका पनि छन्– कुरो त राम्रै हो तर यसलाई व्यवहारमा उतार्न भने गाऱ्हो हुन्छ । धेरै कडा नियम रहेछ पंचशील भनेको त । त्यसैले सुदूर ठाउँहरूमा त शुरूमा पंचशीलको कुरो नउठाए पनि हुन्छ। पहिले आचरण शुद्धि, कर्त्तव्यपालन, परस्पर दया, माया, शान्त स्वभाव र सहनशीलता हुनुपर्ने कुरोमा प्रचार गरिसकेपछि मात्र विस्तारै पंचशीलको कुरो उठाउनु राम्रो हुनेछ। भिक्षुहरूको उपस्थितिमा हुने कार्यक्रममा जहाँ पनि पंचशील प्रार्थना गर्ने चलन रहेको देखिन्छ तर धेरैजसोले यसलाई अप्ठ्यारो महशूस गर्दा रहेछन् । अझ कुनै कुनै मन्त्री महोदयहरूलाई त साऱ्है अप्ठ्यारो परिरहेको देखिन्छ । किनभने उहाँहरू मध्ये धेरैजसोले आफूलाई हिन्दूको रूपमा लिने गर्नुहुन्छ । 'बुद्धं शरणं गच्छामी' भन्नलाई नहिच्किचाए पनि 'पाणातिपाता वेरमणि सिक्खापदं समादियामि' (हिंसा कर्म नगर्ने शिक्षा पालन गर्छु) आदि भन्ने प्रतिज्ञा गर्न हिच्किचाउने गर्छन्। पंचशील प्रार्थना गर्दा हात जोडूं कि नजोडूं, पनि हुने गरेको देखिन्छ ।

सुरापान नगर्ने शिक्षा ग्रहण गर्छु भन्ने प्रतिज्ञा गर्न अप्ठ्यारो मानेर कसैले त मुख नै नचलाईकन बस्ने गर्दा रहेछन् । यसले गर्दा पंचशील प्रार्थना त जबर-जस्तीको प्रार्थना जस्तो देखियो । फलस्वरूप यो त एक फेशन प्रथा जस्तो हुन पुगेको छ। पंचशील प्रार्थना प्रथा राम्रो भएपनि अबौद्धहरूका लागि भने अप्ठ्यारो हुन पुगेको छ । श्रीलंकामा त क्रिश्चियन र मुश्लिमहरूले समेत विभिन्न कार्यक्रमहरूमा पंचशील प्रार्थना गरेको देखिन्छ । उदाहरणको लागि नेपालमा श्रीलंकाली राजदूत र कहिले काहिं क्रिश्चियन र मुश्लिमहरूले पनि कार्यक्रमहरूमा पंचशील प्रार्थना गरेको देखिन्छ ।"

एकजना सदस्यले भन्यो– आज त पंचशीलको विषयमा मात्र चर्चा गर्दै समय बित्यो। हुन पनि हो यो त जानीराख्नु पर्ने नै विषय भयो । मुख्य कुरो त व्यव-हारिक हुनसक्नु पर्छ। अनि मात्र कार्यान्वयन गर्न सजिलो हुन्छ। औपचारिकता मात्र हुन भएन।

लौत आजलाई यत्तिकैमा बिदा लिनु पर्ला ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१५, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यू... २५८६७८
Downloaded from http://www.dhamma.digital